# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३३५ | काठमाडौं | शनिबार, २१ चैत २०८२ | Prabhab National Daily | Saturday, 04 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




गोकर्णेश्वर नगरपालिका–३ तारेभीरबाट शुक्रबार राति देखिएको काठमाडौंको दृश्य । *तस्बिरः सन्तोषराज खरेल/प्रभाव*

खाडी मुलुकमा युद्धको प्रभाव

## युद्धको अफवाह फैलाएको आरोपमा ११ नेपाली पक्राउ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इजरायल-अमेरिका र इरानबीच चलेको युद्धबारे अफवाह फैलाउने श्रव्यदृश्य सामग्री, तस्बिरलगायत सामाजिक सञ्जालमा पोस्ट गरेका कारण पश्चिम एसियाका विभिन्न मुलुकमा ११ नेपाली पक्राउ परेका छन् । परराष्ट्र मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरेर उक्त जानकारी गराएको हो ।

पक्राउ पर्नेमा साउदी अरेबियामा चार, युनाइटेड अरब इमिरेट्स (युएई) र कतारमा तीन/तीन तथा ओमानमा एक जना रहेका छन् । क्षेप्यास्त्र तथा ड्रोनमार्फत भइरहेको आक्रमणको तस्बिर तथा श्रव्यदृश्य सामग्री खिचेर कुनै पनि सामाजिक सञ्जालमा डर त्रास



देखाउन पोस्ट गरे कानुनी सजाय भोग्नुपर्ने व्यवस्था छ । त्यही अनुरूप हालसम्म ११ नेपालीलाई सामाजिक सञ्जालमा त्यस्ता किसिमका सामग्री राखेर कानुन उल्लंघन गरेको आरोपमा पक्राउ गरिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए ।

'पक्राउ परेका नेपाली नागरिकको अवस्था र छुटाउन सकिने विषयमा सम्बन्धित देशका दूतावास र नियोगहरूसँग जानकारी दिने काम भइरहेको छ । पक्राउ परेका नेपाली नागरिक कुन कानुन उल्लंघनअन्तर्गत पक्राउ गरेका हुन् र कति जरिवाना लाग्छ भन्नेबारे जानकारी लिने काम भइरहेको छ,' प्रवक्ता क्षेत्रीले भने ।

पश्चिम एसियाका मुलुकमा युद्धको प्रभावका कारण रोजगार गुमाउनुपर्ने जोखिम नरहेको प्रवक्ता क्षेत्रीले बताए । उनका अनुसार खासगरी होटल, रेस्टुरेण्ट र पर्यटनजस्ता क्षेत्रमा नेपाली कामदारले जागिर गुमाउने चिन्ता बढेको भए पनि ठूलो क्षेत्रमा त्यसको खतरा नरहेको सम्बन्धित नियोगहरूले जानकारी दिएका छन् ।

> अहिलेसम्म ८६ हजार ४२० जनाले नाम दर्ता गराएका छन् । असुरक्षित छु भन्नेको संख्या विस्तारै कम हुँदै गएको छ । असुरक्षित छु भन्नेहरूले पनि विस्तारै सुरक्षित भएर यहीँ काम गर्ने भनिरहेका छन् । ट्राञ्जिटमा परेकाहरूको उद्धार लगभग पूरा भइसकेको छ ।
>
> ■ **लोकबहादुर पौडेल क्षेत्री**
> प्रवक्ता, परराष्ट्र मन्त्रालय

क्रमशः पृष्ठ २ मा

## सभामुखमा रास्वपाका अर्याल निर्विरोध

- अरूको उम्मेदवारी नपरेपछि सभामुखमा डोलप्रसाद अर्याल निर्विरोध सभामुख चयन
- चैत २२ गते हुने प्रतिनिधिसभाको बैठकमा अर्याल निर्विरोध निर्वाचित भएको घोषणा गरिने
- अर्याल सभामुख भएसँगै अब उपसभामुखमा महिलाको खोजी
- राजनीतिक सहमति जुटेमा उपसभामुख श्रम संस्कृतिलाई दिने गरी वार्ता अघि बढेको स्रोतको दाबी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभाको सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डोलप्रसाद अर्याल निर्विरोध निर्वाचित भएका छन् । संघीय संसद् सचिवालयले जारी गरेको कार्यतालिकाअनुसार शुक्रबार ११ देखि २ बजेसम्म अर्यालकोमात्र उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएका हुन् । यद्यपि, औपचारिक घोषणा हुन बाँकी छ ।

अर्यालको प्रस्तावकमा रास्वपाका सभापति रवि लामिछाने र समर्थकमा सोही दलका सांसदहरू सोविता गौतम, डा. स्वर्णिम वाग्ले र सुनिल लम्साल रहेका थिए । एमालेका गुरु बरालले उम्मेदवारी दिने तयारी गरे पनि उनी संसद् सचिवालय पुगेनन् । कार्यतालिकाबमोजिम सचिवालयले तोकिएको समयमा दर्ता भएका एकमात्र उम्मेदवारको सूचना प्रकाशन गरेको छ । दर्ता भएका प्रस्तावका सूचनालाई चैत २२ गते हुने प्रतिनिधिसभाको बैठकमा अर्याल निर्विरोध निर्वाचित भएको घोषणा गरिने छ ।

फागुन २१ को प्रतिनिधिसभा निर्वाचनबाट रास्वपाले बहुमतसहितको सरकार बनाउने भएपछि उनी गृहमन्त्री बन्ने तयारीमा थिए । तर, गृहमन्त्रीमा सुधन गुरुङ नियुक्त गरी उनलाई सभामुख बनाइएको हो । अब अर्याल रास्वपाको सदस्यता त्याग्दै सभामुख बन्ने छन् ।

धादिङको ज्वालामुखी गाउँपालिकामा २०३२ सालमा जन्मिएका अर्याल २०४९ सालमा काठमाडौं आएका थिए । रेस्टुरेन्टमा सामान्य मजदुरको रूपमा काम थालेका उनी २०५३ सालमा रोजगारीका लागि जापान गएका थिए । जापानमा करिब आठ वर्ष काम गरेर पर्यटन क्षेत्रमा लगानी गरेका उनी कन्सल्टेन्सी, सहकारी र शिक्षा क्षेत्रमा पनि एकैपटक लगानी गरी व्यावसायिक काम थालेका थिए ।

सुमिरु टुर्स एण्ड ट्राभल्स, योकोहामा जापानिज ल्याङ्ग्वेज एकेडेमी, हेम्स स्कूल, जनसागर बचत तथा ऋण सहकारी संस्थाजस्ता व्यवसायमा लगानी गरेका उनले २०७९ असार ७ गते रास्वपा गठन भएसँगै राजनीतिक यात्रा थालेका थिए ।

अघिल्लो निर्वाचनबाट समानुपातिक प्रणालीबाट बनेका उनी रास्वपा सरकारमा सहभागी हुँदा दुईपटक श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बने । मन्त्रीका रूपमा उनको पहिलो कार्यकालमा २२ दिनकोमात्र थियो । पार्टीमा सभापति रवि लामिछाने जिम्मेवारीमा नरहँदा उनी नै कार्यवाहक सभापतिको कमाण्ड सम्हालेका उनी यसपटक काठमाडौं निर्वाचन क्षेत्र नम्बर ९ बाट निर्वाचित भएका हुन् ।

### उपसभामुख खोज्दै रास्वपा

ठूलो दलको हैसियतमा अर्याल सभामुख भएसँग उपसभामुख को बन्ला ? प्रतिपक्षी दलहरूबाट सहमतिका आधारमा उपसभामुख बनाउने प्रयासमा रास्वपा लागेको छ । सभामुखको निर्वाचनपछि उपसभामुखको निर्वाचन हुन्छ । उपसभामुखको निर्वाचन सभामुखले तोकेको मिति र समयमा हुने व्यवस्था छ ।

संविधानतः सभामुख र उपसभामुख फरक-फरक दलको र फरक लिंगको हुनुपर्छ । 'सभामुख र उपसभामुख फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने प्रावधान छ,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने । यद्यपि, एकल उम्मेदवारी परेको अवस्थामा एकै दलको पनि हुन सक्छ । यसअघि नेकपा एमाले र तत्कालीन माओवादी केन्द्र मिलेर बनेको नेकपाले सभामुख र उपसभामुख आफ्नै दलबाट निर्वाचित गरेका थिए । सभामुख र उपसभामुख दुवै संवैधानिक परिषद्का सदस्य हुन्छन् । यसैकारण पनि उपसभामुख कुन दलबाट प्रतिनिधित्व हुन्छन् भन्ने विषयलाई चासोका साथ हेरिन्छ ।

रास्वपाका सभापति रवि लामिछानेले अहिले उपसभामुखको विषयमा आफूहरू प्रवेश नै नगरेको बताए । सिंहदरबारमा शुक्रबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले उपसभामुखको विषयलाई लिएर कुनै दलसँग वार्ता नभएको बताए । 'अहिले सभामुखको सकौं, त्यसपछि उपसभामुखको छलफलको चरणमा जान्छौं । छलफल नभएकाले कुन दलले पाउने सम्भावना छ भन्ने सम्भावनाको कुरै भएन,' लामिछानेले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीमा ठगी गर्नेको विवरण सार्वजनिक

### एक महिनामै ३५२ वटा व्यक्तिगत ठगीका जाहेरी दर्ता



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीका नाममा भएका व्यक्तिगत ठगीका मुद्दाको विवरण सार्वजनिक गर्न थालेको छ । शुक्रबार वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न विभागबाट भएका कार्यहरू सार्वजनिक गर्दै विभागले यस आर्थिक वर्षमा दर्ता भएका ठगीका मुद्दामा संलग्नहरूको विवरणसहित सार्वजनिक गर्न थालेको जानकारी गराएको हो ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार गत एक महिना (फागुन १७ गतेदेखि चैत १७ गतेसम्म)को अवधिमा ३५२ वटा व्यक्तिगत ठगीका जाहेरी परेका छन् । विभागले ठगीमा संलग्न व्यक्तिको नाम र स्थायी ठेगानासमेत सार्वजनिक गरेको छ । उनीहरूले विशेषगरी युरोपसहित विभिन्न मुलुकमा रोजगारी लगाइदिने नाममा केही लाखदेखि करोडौं ठगिएको पाइएको छ । ठगी गर्ने व्यक्तिको बारेमा सबैले थाहा पाउनुपर्ने भएकाले सार्वजनिक गर्न सुरु गरिएको विभागकी महानिर्देशक मीरा आचार्यले बताइन् ।

'ऊ आरोपी हो भनेपछि पक्राउ पुर्जीको विषयमा सबैले थाहा पाउनुपर्छ । गुनासो पठाउनेहरू जोखिममा हुने भएकाले उनीहरूको विवरण लुकाउँछौं । पीडककोचाहिँ सार्वजनिक गर्छौं,' उनले भनिन्, 'अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि हामीमाथि कारबाही चलाउँदा हाम्रो नाम, फोटो सार्वजनिक गर्छ । पीडितले प्रमाण पेस गरेको र अदालतले पक्राउ पुर्जीका लागि सहमति दिएको व्यक्तिलाई सार्वजनिक गर्न मिल्छ ।'

विभागले वैदेशिक रोजगारीका नाममा हुने ठगीको मुद्दा तथा अनुसन्धान विभागबाट मात्र हुने भएकाले नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्न नसकिएको जनाएको छ । यो समस्याको सम्बोधनका लागि शुक्रबार नै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई वैदेशिक रोजगार ऐन, २०६४ को संशोधन पेस गरिएको महानिर्देशक आचार्यले बताइन् । 'थोरै रकम ठगिएको हुन्छ । काठमाडौंमै आउनपर्ने, महँगो तिरेर बस्नुपर्ने र उजुरी फर्स्योट हुन लामो समय लाग्ने बाध्यात्मक अवस्थालाई सुधार गर्न ऐन संशोधनका लागि पठाएका छौं,' आचार्यले भनिन् । दर्ता भएका मुद्दालाई अनलाइन प्रणालीमा राख्न सफ्टवेयर निर्माणको काम जारी रहेको पनि विभागले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय फिर्ता लिन एमालेको माग



**काठमाडौं (प्रस)–** नेकपा एमालेले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमहरूलाई मात्र दिने सरकारको निर्णय फिर्ता लिन माग गरेको छ । च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा शुक्रबार बसेको सचिवालय बैठकले सरकारको सो कदमप्रति ध्यानाकर्षण जनाउँदै उक्त निर्णय फिर्ता लिन माग गरिएको उपमहासचिव लेखराज भट्टले जानकारी दिए ।

सरकारको सो कदमले स्वतन्त्र प्रेसको भूमिकालाई कमजोर पार्ने र प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने एमालेको निष्कर्ष छ । 'सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्रै दिने सरकारको निर्णयप्रति एमालेको गम्भीर ध्यानाकर्षण भएको छ,' उपमहासचिव भट्टले भने ।

वालेन्द्र शाह नेतृत्वको सरकारले हालै सरकार सूचना तथा विज्ञापनहरू सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन गर्न सरोकारवाला निकायहरूलाई निर्देशन दिएको थियो । निजी क्षेत्रबाट सञ्चालित सञ्चारमाध्यमलाई धराशायी बनाउनेगरी आएको उक्त निर्देशनको चौतर्फी विरोध भएको छ । सरकारको उक्त निर्देशनप्रति मिडिया एलायन्स, नेपाल पत्रकार महासंघ, मिडिया सोसाइटी, नेपाल विज्ञापन संघलगायत विभिन्न संघसंस्था तथा सरोकारवालाहरूले कडा आपत्ति जनाएका छन् । खुला बजार अर्थतन्त्र रहेको मुलुकमा स्वस्थ प्रतिस्पर्धालाई निषेध गर्नेगरी आएको सरकारका निर्देशन तत्काल फिर्ता हुनुपर्ने माग गरिएको छ ।

सचिवालय बैठकले निर्वाचनको संक्षिप्त समीक्षा गर्दै निर्वाचनमार्फत अभिव्यक्त भएको जनमतलाई सम्मान गर्ने निर्णय गरेको बैठकपछि उपमहासचिव भट्टले बताए ।

> "सरकारको सो कदमले स्वतन्त्र प्रेसको भूमिकालाई कमजोर पार्ने र प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने एमालेको निष्कर्ष छ । 'सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्रै दिने सरकारको निर्णयप्रति एमालेको गम्भीर ध्यानाकर्षण भएको छ,'
>
> ■ **लेखराज भट्ट**
> उपमहासचिव, नेकपा एमाले

क्रमशः पृष्ठ २ मा

# सरकारी र निजी अस्पतालमा १० प्रतिशत निःशुल्क शयया

**काठमाडौं (प्रस)–** सरकारले सरकारी र निजी अस्पतालमा १० प्रतिशत शयया निःशुल्क गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने निर्णय गरेपछि अस्पतालहरूले यो व्यवस्था कार्यान्वयन गर्न थालेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक सूचनामार्फत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यहरूको पछिल्लो प्रगति विवरण सार्वजनिक गर्दै ३२ अस्पताल (१९ निजी र १३ सरकारी) का १० प्रतिशत शययामा निःशुल्क उपचार प्रदान गरिएको जानकारी गराएको हो । सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले अस्पताल सेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी–सरकारी दुवै क्षेत्रमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कूल शययामध्ये कम्तीमा १० प्रतिशत निःशुल्क उपलब्ध गराउने व्यवस्था कडाइका साथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

चैत १३ मा मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम शासकीय सुधारको कार्यसूचीमा स्वास्थ्य क्षेत्रका सुधारमा विभिन्न छ बुँदा समेटिएको थियो । जसअनुसार वीर अस्पताल, गंगालाल हृदय केन्द्र, कान्ति बाल अस्पताल लगायतका अस्पतालहरूमा सेवाको गुणस्तर सुधारका लागि अनुगमन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण गरिएको मन्त्रालयले जनाएको छ ।

साथै, अस्पताल सेवा सुधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ । सुदूरपश्चिम प्रदेशको टीकापुर, महाकाली र सेती प्रादेशिक अस्पतालका साथै मधेस प्रदेशको कलैया अस्पतालमा जलन वार्ड स्थापना तथा सेवा सञ्चालनको तयारी सुरु गरिएको छ । साथै, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा अवरुद्ध रहेको जलन उपचार सेवा पुनःसञ्चालन गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ ।

सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपत्कालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राख्ने सम्बन्धमा आवश्यक व्यवस्था हाल कार्यान्वयनमा रहेको छ । दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धारसम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग परामर्श तथा समन्वय गरिएको छ ।

यसैगरी स्वास्थ्य क्षेत्रका गुनासोहरू संकलन गर्न क्यूआर कोड र छुट्टै इमेलको व्यवस्था गरिएको छ । साथै, एकीकृत प्रणालीमार्फत गुनासो सम्बोधन कार्य सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

# नयाँ शैक्षिकसत्र सुरु भएपछि मात्र भर्ना लिन सर्वोच्चको आदेश

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले शैक्षिकसत्र सुरु भएपछि मात्रै विद्यालयहरूमा नयाँ भर्ना लिन अन्तरिम आदेश दिएको छ ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धांकपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न आदेश दिइएको हो । न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको हो । हरेक वर्ष वैशाख २ गतेदखि नयाँ शैक्षिक सत्र सुरु हुन्छ ।

आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ । अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा यही चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशनपश्चात् नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो । तर, उक्त निर्देशनविपरीत हालै विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यममार्फत विद्यार्थी भर्नाका सूचना प्रकाशित भएको पाइएको अदालतको आदेशमा उल्लेख छ ।

# पशु बधशाला र मासु जाँच ऐन तीन सहरमामात्र लागू

**काठमाडौं (प्रस)–** पशु बधशाला र मासु जाँच ऐन, २०५५ बनेको २७ वर्ष भइसक्दा पनि तीन सहरमामात्र लागू भएको छ । तीन सहरमा पनि ऐन बनेको १० वर्षपछि मात्र लागू भएको हो ।

यो ऐन २०६५ जेठ १५ गतेदेखि मात्र लागू भएको हो । ऐनको दफा २ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमामात्र ऐन लागू हुने उल्लेख छ । यो व्यवस्थाअनुसार हालसम्म यो ऐन हेटौंडा, बुटवल र सुर्खेतमामात्र लागू भएको भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशालाका प्रमुख पशु चिकित्सक सुजन रानाले जानकारी दिए । यो ऐन देशका सबै सहरमा लागू नहुँदा जनस्वास्थ्यमा यसको प्रभाव परेको पनि उनले बताए । ऐनमा कार्यान्वयन गर्ने निकाय नरहेको र पशु सेवा विभागमा पनि ऐन कार्यान्वयनको एकाई गठन नभएकाले यस्तो अवस्था आएको प्रमुख पशु चिकित्सक रानाले बताए । ऐन लागू नहुँदा खाद्य स्वच्छतामा प्रभाव पर्ने गरे पनि कार्यान्वयनमा सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।

हाल मासु जाँच गर्न सक्ने प्राविधिक कर्मचारी पर्याप्त नभएकाले यसले जनस्वास्थ्यमा गम्भीर प्रभाव पार्न सक्नेतर्फ सरोकार भएका निकायका ध्यान जानुपर्ने प्रमुख पशु चिकित्सक राना बताउँछन् ।

पृष्ठ १ बाट क्रमशः

## उपसभामुख...

उनले संवैधानिक अभ्यास, व्यावहारिक कुरा र अभ्यासलाई हेरेर उपसभामुखबारे निर्णय लिने बताए । सभामुखमा उम्मेदवारी नदिएको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीले सार्वजनिकरूपमै उपसभामुखमा दाबी गर्न थालेका छन् । हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मध्ये एउटालाई रास्वपाले उपसभामुख दिनसक्ने चर्चा पनि छ । यहीबीच राप्रपाकी सांसद खुस्बु वलीको नाम उपसभामुखमा चर्चामा आएको छ ।

प्रतिनिधिसभामा रास्वपाबाहेक नेपाली कांग्रेसका ३८, नेकपा एमालेका २५, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का १७, श्रम संस्कृति पार्टीका सात, राप्रपाका पाँच र एक जना स्वतन्त्र सांसद छन् । कांग्रेसका प्रवक्ता देवराज चालिसेले प्रमुख प्रतिपक्षी दलको हैसियतले आफूहरूले उपसभामुखमा दाबी गर्नु स्वाभाविक भएको बताए । 'सभामुख र उपसभामुख एउटै दलको बनाउने पाइँदैन । त्यसैले प्रमुख प्रतिपक्षी दलको हैसियतले हाम्रो दाबी स्वाभाविक रहन्छ,' चालिसेले भने ।

नेकपाका सांसद रमेश मल्लले पनि उपसभामुखमा आफ्नो पार्टीको दाबी रहने बताए । 'उपसभामुखमा दाबी गर्ने भन्ने पार्टीको नीति छ । त्यसबाहेक अरू कुनै छलफल भएको पाएको छैन,' मल्लले भने ।

रास्वपा कांग्रेस र एमालेलाई उपसभामुख नदिने पक्षमा देखिन्छ । राष्ट्रिय सभामा नेकपाको अध्यक्ष रहेकोले उसले पनि उपसभामुख नपाउने सम्भावना उत्तिकै देखिन्छ । यस्तो अवस्थामा रास्वपाले श्रम संस्कृति पार्टीलाई उपसभामुख दिनेबारे छलफल चलिरहेको बताइएको छ ।

रास्वपाले सभामुखमा अर्याललाई पठाएपछि अरू पार्टीले उपसभामुखमा महिला पठाउनुपर्ने हुन्छ । श्रम संस्कृतिबाट रुवीकुमारी ठाकुर, अम्बिकादेवी संग्रौला र राधिका रम्तेल महिला सांसद हुन् । राजनीतिक सहमति जुटेमा श्रम संस्कृतिबाट उपसभामुख बन्ने प्रबल सम्भावना रहेको रास्वपाका नेताहरू बताउँछन् ।

कांग्रेसमा संसदीय दलको नेताको खोजी

प्रमुख दलहरूले संसदीय दलको नेता चयन गरिसक्दा कांग्रेसले भने नेता चयनका लागि २४ गते निर्वाचन तोकेको छ । संसदीय नेता चयनका लागि कांग्रेसले सहमहामन्त्री प्रकाश रसाइलीको संयोजकत्वमा मुना भुसाल र राजु कटुवाल रहेको निर्वाचन समिति गठन गरेको छ ।

२२ गते अर्याल सभामुख बनेसँगै अर्जुननरसिंह केसीले सदनको जिम्मेवारीबाट मुक्ति पाउने छन् । केसीसँगै भीष्मराज आङदेम्बे र मोहन आचार्यको नाम संसदीय दलको नेतामा चर्चामा छ ।

त्यसमध्ये आङदेम्बेको सम्भावना बलियो रहेको एक नेताले बताए । यसका लागि आङ्देम्बेले आफ्नो पक्षमा माहोलसमेत बनाएका छन् । पूर्वसंस्थापन पक्षका नेताहरू विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापालाई नेतृत्व नमान्ने बताइरहँदा आङ्देम्बेले भने गगनको प्रशंसा गरेका छन् । विशेष महाधिवेशनबाट गगन थापालाई सभापति बनाएर बदलिएको समय र बदलिएको समाज अनुरूपको रूपान्तरणमा प्रवेश गरिसकेको आङदेम्बेको भनाइ थियो । यसैगरी संस्थापन पक्षबाट भने केसीकै सम्भावना बलियो भएको बताइएको छ । केसीले पटक-पटक संसदीय दलको नेतामा आफ्नो दाबी रहेको बताउँदै आएका छन् ।

■■■

## अफवाह...

खाडी मुलुकमा युद्धबाट प्रभावित/असुरक्षित भई घर फर्किन चाहने नेपालीलाई उद्धार गर्ने काम निरन्तर भइरहेको उनले बताए ।

मन्त्रालयले जारी गरेको 'कल सेन्टर'मा नेपाली नागरिकले उडानको अवस्था के छ ? घर फर्किन चाहने र श्रम स्वीकृतिबारे जिज्ञासा राख्ने गरेका प्रवक्ता क्षेत्रीले बताए । 'अहिलेसम्म ८६ हजार ४२० जनाले नाम दर्ता गराएका छन् । असुरक्षित छु भन्नेको संख्या विस्तारै कम हुँदै गएको छ । असुरक्षित छु भन्नेहरूले पनि विस्तारै सुरक्षित भएर यहीँ काम गर्ने भनिरहेका छन् । ट्राञ्जिटमा परेकाहरूको उद्धार लगभग पूरा भइसकेको छ,' उनले भने ।

■■■

## वैदेशिक रोजगारीमा...

यसले भौतिक रूपमा रहेका उजुरीको व्यवस्थापन हुने र जिल्ला प्रशासन कार्यालयबाट यस्ता ठगीका मुद्दाहरू विभागसँग जोडिनुका साथै अनुसन्धान व्यवस्थित हुने विभागको भनाइ छ । मुद्दासम्बन्धी विभिन्न कार्यसम्पादन गर्न जनशक्तिले नपुग्ने भएपछि मन्त्रालयसमक्ष थप जनशक्ति पनि माग गरिएको पनि जनाइएको छ ।

चालु आवको चैत २० गतेसम्म विभागमा तीन हजार ६७२ वटा व्यक्तिगत ठगीका जाहेरी प्राप्त भएको तथ्यांक छ । जसमध्ये ३९० वटा मिलापत्र र ३०८ वटा अभियोग दर्ता भएका जनाइएको छ । क्षतिपूर्तिबापत तीन करोड ३८ लाख ७९ हजार रूपैयाँभन्दा बढी रकम फिर्ता गरेको विभागले जनाएको छ । यसै अवधिमा म्यानपावर कम्पनीका ७३० वटा उजुरी परेकोमा ४३२ वटा समाधान गरी चार करोड ४३ लाख रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको विभागले जनाएको छ ।

उक्त कार्यक्रममा रोजगारीमा जाने श्रमिकले अन्तरवार्ताका क्रममा भर्ने फाराम अंग्रेजी र नेपाली भाषा दुवैमा भराउने व्यवस्था गर्न म्यानपावर कम्पनीलाई आग्रह गरिएको पनि विभागले जनाएको छ । श्रमिकले भर्ने फाराम अंग्रेजी भाषामामात्र हुँदा नबुझ्ने रोजगारीको सर्तमा सहमति गर्ने गुनासो आएकाले यस्तो गरिएको विभागको भनाइ छ ।

विभागले यस आर्थिक वर्षमा इजाजतपत्र नलिई वैदेशिक रोजगारीमा पठाउने कार्य गरेको उजुरी जुनसुकै माध्यमबाट आए पनि कारबाही अगाडि बढाउने, प्रक्रिया पूरा गरेको अवस्थामा टोकनविनै एकै दिनमा श्रम स्वीकृति दिने, विभिन्न व्यक्ति तथा संस्थाले उद्धार गरेको पाइए कारबाही गर्नेजस्ता महत्त्वपूर्ण काम गरेको उल्लेख गरेको छ । साथै, पूर्वप्रस्थान अभिमुखीकरणको शुल्क ७०० रूपैयाँभन्दा बढी लिए संस्था खारेज गर्ने तथा विभागका कर्मचारीको कामलाई सूक्ष्म निगरानी गर्न उनीहरूको कार्यकक्षमा सिसी क्यामरा जडान गरी महानिर्देशकले निरीक्षण गर्ने काम थालेको उल्लेख गरेको छ ।

■■■

## निजी सञ्चारमाध्यमलाई...

बैठकले प्रधानमन्त्री वालेन्द्र शाह र उनको नेतृत्वको मन्त्रिपरिषद्लाई बधाइ ज्ञापन गरेकोसमेत उनले जानकारी दिए । पार्टी कार्यवाहक अध्यक्ष रामबहादुर थापाको अध्यक्षतामा भएको बैठकले संसदीय दलको नेताको निर्वाचन दलको विधानबमोजिम लोकतान्त्रिक विधिका साथ सम्पन्न भएको जनाएको छ । बैठकमा संसदीय दलका नेताले थापाले प्रतिनिधिसभा बैठकमा बिहीबार गरेको सम्बोधनका सम्बन्धमा गम्भीरतापूर्वक छलफलसमेत गरेको उपमहासचिव भट्टले बताए ।

उनले मुलुकको संविधान र प्रचलित कानुनबमोजिम निर्माण भएका नेपाली सेनालगायत राज्यका सबै सुरक्षा निकाय, निजामती प्रशासन र अन्तरराष्ट्रिय समुदायप्रति हाम्रो पार्टीको सम्बन्ध पूर्ववत् एवं मित्रवत् रहेको उल्लेख गर्दै यस्तो सम्बन्ध भविष्यमा अझ सुदृढ बनाइने स्पष्ट पारे । यस्तै बैठकले सरकारले विद्यार्थी संगठनहरू खारेज गर्ने र उनीहरूमाथि प्रतिबन्ध लगाउने निर्णय फिर्ता लिन माग गरेको उपमहासचिव भट्टले बताए ।


### मोटरसाइकल हराएको सूचना

मिति २०८२।१०।१९ गते ल.जि.ल.पु.म.न.पा-२५, नख्खुडोल तालिमकेन्द्र स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल दिनको अन्दाजी १:३३ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सन्दिप सुनुवार**
**बाइक नं.: बा.प्र. ०२- ०६२ प ३८४०**
**च्यासिस नं.: MD2A13EX7SCE 86135**
**इन्जिन नं. : DKXCSD 33968**
**ठेगाना : तामाकोशी गा.पा.वडा नं-७, दोलखा**
**सम्पर्क नं. ९७००७०२८३९**

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।१२।१५ गते काठमाडौं जिल्ला, धुम्बाराही प्रगति टोलबाट पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल बेलुकाको ६:३३ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम : दिनेश राई**
**बाइक नं.: बा.प्र. ०२- ०७० प ७६५१**
**च्यासिस नं.: MD2A13EX35CD84752**
**इन्जिन नं. : DKXCSC 29451**
**ठेगाना : बागमती गा.पा वडा नं.१, मकवानपुर**
**सम्पर्क नं. ९८४१५०८६१८**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२१ गते**

यस कम्पनीको मिति २०८२/११/२२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कमल के.आर.पि.उद्योग प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **के.ब्यूटी स्टुडियो प्रा.लि.(K. Beauty Studio Pvt. Ltd.)** **(प्रा.लि.नं. ३३३५१७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२२ गते**

यस कम्पनीको मिति २०८२/११/२२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कमल के.आर.पि.उद्योग प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **के.ब्यूटी स्टुडियो प्रा.लि.(K. Beauty Studio Pvt. Ltd.)** **(प्रा.लि.नं. ३३३५१७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०७/०२ मा दर्ता भएको प्रा.लि. नं. ३३१७०७ को जि.एम. इन्टरनेशनल प्रा. लि. को मिति २०८२/१२/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ६६३

ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, २१ चैत, २०८२

| | |
|---|---|
| **मेष** | मन प्रफुल्ल रहनेछ । विश्वासपात्रबाट सहयोग मिल्न सक्छ । |
| **वृष** | तनावले सताउनेछ । नयाँ नयाँ आरोपको सामना गर्नुपर्नेछ । |
| **मिथुन** | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| **कर्कट** | रमाइलो भेटघाट हुनेछ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| **सिंह** | नयाँ योजनामा काम हुन सक्छ । आलस्य त्याग गर्नु राम्रो हुन्छ । |
| **कन्या** | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| **तुला** | सम्मान प्राप्त हुने योग छ । श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृश्चिक** | स्वास्थ्य गडबड हुन सक्छ । खानपिनमा ध्यान दिनु राम्रो हुन्छ । |
| **धनु** | दौडधुप बढ्नेछ । नयाँ कामको अवसर प्राप्त हुनेछ । |
| **मकर** | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| **कुम्भ** | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ। |
| **मीन** | अहंकार बढेर जानेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ चैत, २०८२ (०४ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.४४ | १५२.०४ |
| युरो | १ को | १७५.६६ | १७६.३६ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.६० | २०२.४० |
| स्विस फ्रैन्क | १ को | १९१.०९ | १९१.८५ |
| अस्ट्रेलियन डलर | १ को | १०५.२१ | १०५.६२ |
| क्यानाडियन डलर | १ को | १०८.९८ | १०९.४२ |
| सिङ्गापुर डलर | १ को | ११८.०८ | ११८.५५ |
| जापानी येन | १० को | ९.५५ | ९.५९ |
| चिनियाँ युआन | १ को | २२.०३ | २२.१२ |
| साउदी अरब रियाल | १ को | ४०.३५ | ४०.५१ |
| कतारी रियाल | १ को | ४१.५४ | ४१.७० |
| थाई भाट | ख १ को | ४.६६ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.२४ | ४१.४० |
| मलेसियन रिङ्गेट | १ को | ३७.६१ | ३७.७६ |
| दक्षिण कोरियन वन | १०० को | १०.०६ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १६.१३ | १६.१९ |
| डेनिस क्रोनर | १ को | २३.५१ | २३.६० |
| हङकङ डलर | १ को | १९.३२ | १९.४० |
| कुवेती दिनार | १ को | ४९३.६९ | ४९५.६५ |
| बहराइन दिनार | १ को | ४०१.११ | ४०२.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# लिच्छविकालीन बिस्केट जात्राको तयारी



**भक्तपुर–** प्रत्येक नयाँ वर्षमा भक्तपुरवासीले नौ दिन आठ रातसम्म परम्परागत तान्त्रिक विधिअनुसार मनाउने विश्वप्रसिद्ध बिस्केट (बिस्का) जात्रा यस वर्ष चैत २७ गतेदेखि सुरु हुने भएको छ ।

नयाँ वर्षको चार दिन अगाडि भैरवको रथ तानेर सुरु हुने यो जात्रा मुख्य गरी चैत मसान्तमा इन्द्रध्वजासहितको लिंगो उठाइने र वैशाख १ गते दिनभर ल्यासिंखेलमा लिंगोजात्रा मनाएर साँझ लिंगो ढालेर मनाइने गरिन्छ । गुठी संस्थान भक्तपुर कार्यालयले जात्राका लागि अत्यावश्यक भैरव र भद्रकालीको रथ निर्माण कार्य तीव्र गतिमा भइरहेको जानकारी दिएको छ ।

टौमढीस्थित पाँचतले मन्दिर प्रांगनमा प्यागोडा शैलीको तीन तले रथ निर्माण कार्य तीव्र गतिमा भइरहेको गुठी संस्थान भक्तपुरका प्रमुख आनन्दप्रसाद कर्माचार्यले जानकारी दिए । उनले भैरवको रथ निर्माण सम्पन्न भएलगत्तै भद्रकालीको रथ निर्माण सुरु गरिने जानकारी दिँदै अहिलेसम्म भैरव रथ निर्माणको क्रममा विभिन्न आकारका काठ तयार गर्ने, पांग्राहरू जोड्ने, बिग्रिएका सामानको मर्मत गर्ने, भाँचिएका धुराहरू मर्मत गर्ने, चुकुलहरू फेर्ने, नयाँ आसी जडान गर्ने, छानो मर्मत गर्ने र रथ निर्माण गर्ने कार्य तीव्र गतिमा भइरहेको बताए ।

चैत २६ गतेसम्म रथमा रङ रोगन एवं सिंगारपटार गर्ने कार्य गरिने र २७ गते सरकारी पूजा ११ बजे, सर्वसाधारणको पूजा ३ बजेसम्म सकेर दिउँसो ३ बजेदेखि रथ तान्न सुरु गरिने गरी तयारी गरिएको प्रमुख कर्माचार्यले जानकारी दिए ।

उनले भने, 'रथ तान्न ठेकेदारलाई ९० हात लामो कसिलो एकदमै बलियो डोरी ल्याउन निर्देशन दिएका छौं, जात्रा व्यवस्थापन समितिसमेतको टोलीले डोरीको परीक्षण गर्ने छ, ५५ हात लामो, नाङ्लोजस्तो फराकिलो फेद भएको दुई लिंगो तयार गरिएको छ, यस वर्ष २७ गते भैरवको रथ दिउँसो ३ बजे तानेर जात्रा सुरु गर्ने तयारी गरेका छौं ।'

हनुमानढोकाबाट खड्ग ल्याएर गुठीका एक कर्मचारीलाई राजाको प्रतीक बनाएर बाजागाजासहित च्वंगा गणेश मन्दिरको जंगलमा रुखलाई पूजा गरेर खड्ग भित्र्याएपछि जात्रा सुरु हुने परम्परा छ । लिच्छवीकालदेखि सुरु भएको सो जात्रा वैशाख १ गतेभन्दा चार दिनअगाडि भैरव र भद्रकालीको रथयात्रा गरी सुरु गरिने परम्परा छ । जात्राको मुख्य आकर्षण रथजात्रा र लिंगोजात्रा भएको प्रमुख कर्माचार्यले बताए । तान्त्रिक विधिअनुसार काठैकाठले प्यागोडा शैलीमा निर्माण गरिने ३५ फिट अग्लो तीनतले भैरवनाथको रथमा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतले मन्दिर प्रांगणबाट माथिल्लो र तल्लो क्षेत्रमा रथलाई तानेर लैजाने परम्परा छ ।

सुरुको दिनमा तौमढीबाट भक्तपुरको माथिल्लो क्षेत्र क्वाछें, साकोथा, सुकुलढोका, गोलमढी, इनाचो, दत्तात्रय पुऱ्याई रथ फर्काउने चलन छ । नयाँ वर्षको चार दिनअघि अर्थात् चैत २७ गते दिउँसो तान्त्रिक विधिअनुसार भैरवनाथको रथमा खड्ग, तरबार र निसान राखिसकेपछि अपराह्नदेखि रथ तान्ने क्रम सुरु गर्ने परम्परा रहेको छ ।

विक्रम संवत्अनुसार सौरमासका आधारमा तान्त्रिक विधिअनुसार चल्ने बिस्केट जात्रा नेपाल भाषामा बी:सित (नाग मऱ्यो), बीय जात्रा (नागको जात्रा), बी:स्यात (नाग मारियो) हुँदै पछि अपभ्रंश भई बिस्केट अर्थात् स्थानीय भाषामा बिस्का: जात्रा हुन गएको बताइन्छ । रथ तल्लो क्षेत्रमा बुलुचा, नासमना, वंशगोपाल, तेखापुखुतिर लैजाने प्रचलन छ भने भैरव तथा भद्रकालीको रथजात्रा गरी ग:हिटी पुऱ्याएर पहिलो दिनको रथयात्रा विसर्जन गर्ने परम्परा छ ।

दोस्रो दिन भद्रकालीको रथ ग:हिटी खलाटोल अजिमा देवताघर पुऱ्याइन्छ भने तेस्रो दिन ग:हिटीमा भैरवलाई बलि चढाएर गुठी संस्थानद्वारा सरकारी पूजा गरिन्छ । ल्यासिंखेलमा चैत मसान्तको साँझ ५५ हात लामो इन्द्रध्वजासहितको लिंगो उभ्याउने परम्परा छ । सुरुमा बिस्केट जात्रा लिंगो उभ्याउने र ढाल्ने दिनमामात्र मनाइन्थ्यो । पछि मल्लकालमा यो जात्रा भैरव र भद्रकालीको रथयात्रा गरी प्रत्येक टोल-टोलमा शक्तिशाली देवीदेवताको पूजा गर्दै मनाउने चलन छ ।

रथ तान्दा अप्रिय घटना नहोस् भनेर रथ तान्ने दिन रथमा छ भैरव नाइके, पाँच चौगुठी र दुई तलेजुका पुजारी रहने चलन रहेको तलेजुका निवर्तमान मूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिए । वैशाख ५ गते जात्राको अन्तिम दिन भएकाले सो दिन पनि सुरुको दिनजस्तै प्रसिद्ध पाँचतले मन्दिरस्थित तौमढी टोलबाट भैरवको रथ २०० फिट लामो चार-चारवटा डोरीले बाँधेर तल्लो र माथ्लो टोलका बासिन्दाले आ-आफ्नो टोलमा लैजान दुवैतिर तान्ने गर्छन् । त्यसपछि रथ पाँचतले मन्दिरको पश्चिम कुनामा राखी बेताली भैरवको मुख्य देउतालाई पूजा गरेर देउतालाई भैरव मन्दिरमा भित्र्याइएपछि तान्त्रिक विधिअनुरूप पूजा गरी जात्रा सम्पन्न गरिने परम्परा छ । *रासस*

# रातो मच्छिन्द्रनाथसँग सम्बन्धित सामग्री संकलन गरिँदै

**ललितपुर–** ललितपुर महानगरपालिकाले जावलाखेलस्थित रातो मच्छिन्द्रनाथ संग्रहालयका लागि ऐतिहासिक सामग्री संकलन कार्य सुरु गरेको छ । स्थानीय जनजीवन र संस्कृतिसँग गहिरो सम्बन्ध राख्दै आएको रातो मच्छिन्द्रनाथसँग सम्बन्धित वस्तु, तस्बिर तथा अभिलेख संग्रहालयमा राख्ने तयारी छ ।

ललितपुर महानगरपालिका-४ का अध्यक्ष सन्तोष खड्काका अनुसार संग्रहालयमा राख्न गुठी संस्थान तथा रातो मच्छिन्द्रनाथसँग सम्बन्धित विभिन्न संघसंस्थालाई पत्राचार गरिएको छ । 'केही तस्बिर संकलन भइसकेका छन् भने अन्य सामग्री संकलनको प्रक्रियामा छन्,' उनले भने । यस अभियानमार्फत ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सामग्री सुरक्षितरूपमा संरक्षण गर्ने लक्ष्य छ ।

वर्षा र सहकालका देवताका रूपमा पूजिने रातो मच्छिन्द्रनाथको रथयात्रा ललितपुरको प्रमुख सांस्कृतिक पर्वमध्ये एक हो । प्रत्येक वर्ष आयोजना हुने यो जात्रा उपत्यकाकै सबैभन्दा लामो र ऐतिहासिक रथयात्रा मानिन्छ । यही विशिष्ट परम्परा र यसको ऐतिहासिक पृष्ठभूमिलाई व्यवस्थित रूपमा संरक्षण तथा प्रदर्शन गर्न संग्रहालय निर्माण गरिएको हो ।

महानगरपालिकाले स्थानीयवासी, गुठी, तथा विभिन्न संघसंस्थालाई रातो मच्छिन्द्रनाथसँग सम्बन्धित पुराना सामग्री, तस्बिर, दस्तावेज तथा सांस्कृतिक झल्को दिने अन्य वस्तु उपलब्ध गराउन आह्वान गरेको छ । यसले भावी पुस्तालाई आफ्नो सांस्कृतिक सम्पदाबारे जानकारी गराउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

महानगरका अनुसार अबको दुई महिनाभित्र संग्रहालय निर्माण कार्य सम्पन्न हुनेछ । प्रारम्भिक चरणमा संग्रहालय अवलोकनका लागि छुट्टै शुल्क लिइने छैन । जावलाखेलस्थित सदर चिडियाखानाको टिकट लिएका आगन्तुकहरूले सोही टिकटमार्फत संग्रहालय अवलोकन गर्न सक्ने व्यवस्था मिलाइने छ । *रासस*


## मलेसियामा रोजगार

कम्पनी : LAU SENG HUAT FRUITS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340413 | चलानी नं. ६०२५३८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O | 10 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## MAURITIUS मा रोजगार

कम्पनी : CHINA JIANGSU INTERNATIONAL ECONOMIC AND TECHNICAL COOPERATION GROUP, LTD

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 332474 | चलानी नं. ६०२१८००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 103 | 0 | 20000 | ६३,३८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 20000 | ६३,३८७ | | | | | | | |
| 3 | Mason | 170 | 0 | 20000 | ६३,३८७ | | | | | | | |
| 4 | Steel Fixer | 105 | 0 | 20000 | ६३,३८७ | | | | | | | |
| 5 | TILE MASON | 50 | 0 | 20000 | ६३,३८७ | | | | | | | |

कम्पनी : TOP TURF LIMITED

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340233 | चलानी नं. ६०२५३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener | 100 | 0 | 17710 | ५६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!
## शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: EASTERN DECORATOR SDN BHD
कम्पनी : इस्टर्न डेकोरेटर एसडिएन. बिएचडि.

Pre Approval Date : 2026-04-03 | LT. No. 340372 | चलानी नं. ६०२५३७९६
पूर्व स्वीकृति मिति : २०८२/१२/२० | एल टि न. ३४०३७२ | Invoice No. 60253796

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | इनडोर वेरहाउस हेल्पर्स | १० | 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष | १७०० | ६३,९४५ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | दुई वर्ष |
| 1. | Indoor Warehouse Helpers | 10 | 0 | Proficient in reading, writing & speaking basic English | 1700 | 63,945 | As per the company rule | 8 Hours | 6 Days | As per the company rule | No | Yes | 2 Years |

The final interview will be conducted in the office on 11th Apr. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा Happy Nepal Employment Pvt. Ltd मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Happy Nepal Employment Pvt. Ltd to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee: रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Happy Nepal Employment Pvt. Ltd. does not have any mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८


# संवैधानिक इजालाससम्बन्धी छुट्टै 'वेब पोर्टल' सञ्चालनमा

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतमा संवैधानिक विवादको समयमै निरूपण, पारदर्शिता र जवाफदेहिताका लागि संवैधानिक इजलाससम्बन्धी 'वेब पोर्टल' प्रारम्भ गरिएको छ ।

सर्वोच्च अदालतमा शुक्रबार आयोजित कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले पोर्टलको उद्घाटन गर्दै संवैधानिक इजलासको सुदृढीकरण, संविधानको रक्षा र न्यायमा पारदर्शिताका लागि पोर्टल प्रारम्भ गरिएको बताइन् । 'संवैधानिक इजलास संघीय लोकतान्त्रिक गणतन्त्रको मुटु हो, संविधानको अन्तिम व्याख्याता हो, तर, विडम्बना ! आज यही इजलास कार्यबोझ र प्रक्रियागत ढिलाइको चापमा छ । यसलाई थप सक्रिय र विश्वासिलो बनाउन हाम्रा कदमहरू सोहीअनुसार केन्द्रित हुने छन्,' उनले भनिन् ।

हाल संवैधानिक इजलासमा २८२ भन्दा बढी मुद्दा विचाराधीन छन् । तीमध्ये कतिपय आठ वर्षभन्दा पुराना छन् भने पाँच वर्ष नाघेका मात्रै ७३ वटा मुद्दा छन् । 'कतिपय मुद्दाका मिसिलहरू नै जलेका छन्, तथापि हामीले सम्हालिएर काम गरिरहेका छौं । अब 'हेर्न नमिल्ने' वा 'समय अभाव'का कारण इजलास स्थगित हुने परम्पराको अन्त्य गर्ने गरी काम गर्दै छौं,' कामु प्रधानन्यायाधीश मल्लले भनिन्, 'संवैधानिक इजलासलाई थप व्यवस्थित बनाउन अबदेखि हप्ताको दुई दिन अनिवार्यरूपमा इजलास बस्ने सुनिश्चितता गरिएको छ ।'

उनले मुद्दाको छिटो किनारा लगाउनेमात्र नभई संवैधानिक अन्योललाई समयमै समाधान गरी राज्यका अंगहरूलाई दिशा निर्देशन गर्ने स्पष्ट पारिन् । 'लोकतन्त्रमा जनमतको सम्मान सर्वोपरी हुन्छ, निर्वाचित प्रतिनिधिहरूको वैधानिकतामाथि उठेका प्रश्नहरू वर्षौंसम्म अल्झिरहनुहुँदैन,' कामु प्रधानन्यायाधीश मल्लले अगाडि भनिन्,




'त्यसैले, निर्वाचनसम्बन्धी सबै विवाद र मुद्दाहरूलाई प्राथमिकतामा राखी अन्तिम फैसला गरिने गरी कार्ययोजना अघि बढाइने छ । पदावधीको औचित्यता सकिएपछिको फैसलाको कुनै अर्थ हुँदैन ।'

उनले संवैधानिक इजलासमा विचाराधीन मुद्दाहरूमध्ये न्यूनतम एकतिहाइ मुद्दा आगामी तीन महिनाभित्र फर्स्योट गर्नुका साथै संघ र प्रदेशबीचका अधिकारका सम्बन्धमा स्पष्टता दिएर राज्य संयन्त्रलाई द्वन्द्व होइन सहकार्यतर्फ डोऱ्याउने बताए । कामु प्रधानन्यायाधीश मल्लले कुनै कानुन संविधानसँग बाझिएमा इजलासले संविधानसंगत कानुनको परीक्षण गर्ने उल्लेख गरिन् ।

न्यायालयमा जनआस्था वृद्धिका लागि न्याय भएको देखिनुपर्ने भन्दै उनले संवैधानिक व्याख्याका गम्भीर बहसलाई आमनागरिकको पहुँचमा पुऱ्याउन प्रत्यक्ष प्रसारण राम्रो माध्यम भएको धारणा राखिन् । 'महत्त्वपूर्ण फैसलामा 'लाइभ स्ट्रिमिङ' गर्ने अभ्यास गरिसकेका छौं, हाल संरचना नभएका कारणले जटिलता रहेको छ,' कामु प्रधानन्यायाधीश मल्लको भनाइ थियो, 'अब यसलाई बृहत् रूपमा विस्तार गर्नका लागि एउटा प्रणालीको स्थापना गर्न एक कार्यदल बनाउनेछौं, क्रमश: अन्य इजलासहरूमा विस्तार गरिने छ ।'

'लाइभ स्ट्रिमिङ' अभ्यासले अदालतको कार्यप्रणालीलाई पारदर्शी बनाउन र कानुनका विद्यार्थीदेखि जिज्ञासु नागरिकसम्मलाई दीक्षित गर्दै न्यायापालिका सबैको पहुँचमा पुग्ने उनको विश्वास छ । कामु प्रधानन्यायाधीश मल्ल अदालतको पञ्चवर्षीय योजनाले परिकल्पना गरेको प्रविधिमैत्री न्याय प्रणालीलाई अवधारणामा सीमित नराखी व्यवहारमै उतार्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले सूचना प्रविधिलाई क्रमश: सुदृढ बनाउँदै, अनलाइन दर्ता, अनलाइन भुक्तानी, 'भर्चुअल' बहस र फैसलाहरू अनलाइनबाटै प्राप्त हुने व्यवस्था विस्तार गर्दै लैजाने बताइन् ।

सर्वोच्च अदालतका न्यायाधीश तथा सूचना प्रविधि समिति संयोजक डा. नहकुल सुवेदीले संवैधानिक इजलाससम्बन्धी नयाँ वेब पोर्टल सुरु गर्नु आफैंमा महत्त्वपूर्ण भएको बताए । न्यायपालिकालाई प्रविधिमैत्री बनाएर सेवाग्राही, कानुन व्यवसायी र अदालतप्रति चासो राख्ने व्यक्तिहरूका लागि सहज सेवा दिने अवस्था बनाउन आफूहरू लागि रहेको उनको भनाइ छ ।

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेलले संवैधानिक इजलासको विषयमा समग्र जानकारीका साथै न्यायालयको पारदर्शिता कायम गर्न पोर्टलको सुरुआत गरिएको बताए । उनले पोर्टलबाट समग्रमा मुद्दाको फर्स्योट, आदेश, फैसला सबै हेर्न मिल्ने भएकाले यो निकै महत्त्वपूर्ण भएको जानकारी दिए । सूचना प्रविधि महाशाखा प्रमुख गौरीनाथ कोइरालाले संवैधानिक इजलाससम्बन्धी वेब पोर्टलबारे जानकारी दिँदै अदालतको पोर्टलभित्र एउटा छुट्टै 'एप्लिकेसन' तयार पारी पोर्टल बनाएको बताए ।

हाल सर्वोच्च अदालतमा २७ हजार १४७ मुद्दा फर्स्योट गर्न बाँकी रहेका र संवैधानिक इजलासमा हाल २८२ थान मुद्दा रहेका त्यस अवसरमा जानकारी दिइयो । नेपालको संविधानको धारा १३७, संवैधानिक इजलाससम्बन्धी व्यवस्था (१) मा सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने प्रावधान छ । इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने व्यवस्था छ ।

संविधानको धारा १३३ मा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रबारेमा भएको विवाद, संघीय संसद् वा प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र संघीय संसद्का सदस्य वा प्रदेशसभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद यस इजलासले हेर्ने व्यवस्था गरिएको छ ।

# पुर्ख्यौली नाच जोगाउँदै नयाँ पुस्ता

“पछिल्लो समय अध्ययन, रोजगारी, व्यापारव्यवसायलगायत कारणले गाउँ छाडेर देश तथा विदेशमा पुगेका म्याग्दीका पुनमगर समुदायले गाउँ र टोलस्तरमा रहेका पुर्ख्यौली नाचलाई विस्तार गर्दै संरक्षण र प्रवर्द्धनमा भूमिका निर्वाह गरिरहेका छन् ।

पुर्ख्यौली नाचमा मादलेको भूमिकामा पुरूष हुन्छन् भने पुरूष नै महिलाको भेषमा सजिएर मारूनी बन्ने गर्छन् । महिलाले सोरठी र ख्याली भाका गाउँदा मादले र मारूनीले गीतको भाकामा मादलको ताल मिसाएर नाच देखाउँछन् । चोली, गुन्यू, पटुका, घल्याङ, पछ्यौरा, माला, हातमा रैयाँले सिँगारिएर पुरूष मारूनी बन्छन् भने सोही अनुपातमा शिरमा फेटा/टोपी, भोटो, खादी, भांग्रा पहिरिएर कम्मरमा मादल भिरेर मादले बन्ने गर्छन् ।



कमल खत्री/म्याग्दी

जिल्लाका ग्रामीण भेगमा पुनमगर समुदायको बसोबास रहेका क्षेत्रमा यसअघि ज्येष्ठ नागरिकले पुर्ख्यौली नाच जोगाउँदै आएका थिए । पछिल्लो समय गाउँमा अग्रज कलाकारले पुर्ख्यौली नाच सिकाएसँगै यहाँका युवापुस्ता यसको संरक्षण र प्रवर्द्धनमा जुटेका छन् ।

जिल्लाको रघुगंगा गाउँपालिका-७ चिमखोलाका १३ वर्षीय अमनपराइ पुन पुर्ख्यौली नाचमा सहभागी हुन थालेका छन् । चिमखोलास्थित अमर माविमा कक्षा ७ मा अध्ययनरत पुनले गाउँमा आयोजना हुने पुर्ख्यौली नाचमा मारुनीको भूमिकामा आफूलाई प्रस्तुत गर्दै आएका हुन् । अग्रजबाट नाच सिकेपछि उनले पुर्ख्यौली समूहसँगै जोडिएर आफ्नो कलाकारितालाई अगाडि बढाउँदै आएको बताए ।

चिमखोलाको पुर्ख्यौली समूहमा अहिले चारजना नयाँ कलाकार जोडिएका छन् । अमनसँगै ११ वर्षीय नवीन पुन, १० वर्षीय आर्नलपहरे पुन र १६ वर्षीय रोहन गर्बुजाले पुर्ख्यौली नाचअन्तर्गत मादले र मारुनीको भूमिकामा प्रस्तुति दिँदै आएका हुन् । युवापुस्ता शिक्षा, रोजगारीलगायतको खोजीमा बाहिर जाँदा गाउँमा पुर्ख्यौली कला, संस्कृतिको संरक्षण र पुस्तान्तरणमा समस्या हुन थालेपछि ज्येष्ठ नागरिकले नयाँपुस्तालाई समूहमा सहभागी गराएर नाच देखाउन थालिएको पुर्ख्यौली समूहका मादलेरोहन गर्बुजाले बताए ।

‘मेरो बुबा पनि पुर्ख्यौली नाच नाच्नुहुन्छ, उहाँकै प्रेरणाले म मादले बनेर नाच्न थालेको हुँ । आफ्नो पुर्खाले सुरु गरेका संस्कृतिलाई निरन्तरता दिन पाउँदा गौरवको अनुभूति हुने गरेको छ,’ गर्बुजाले भने । नयाँ र युवापुस्ताका कलाकारले फुर्सदको समयमा विद्यालय तथा समुदायका विविध गतिविधिमा पुर्ख्यौली नाचको अभ्यास गर्दै आएका उनको भनाइ छ । ‘पुनमगर समुदायमा पुर्ख्यौली मादले, मारुनी नाच मौलिक संस्कृतिको रूपमा रहेको छ । पछिल्लो समय युवायुवती रोजगार तथा शिक्षाका लागि विदेश पलायन हुने थालेपछि गाउँमा पुर्ख्यौली नाच पुस्तान्तरण हुन सकिरहेको छैन,’ गर्बुजाले भने ।

गाउँमा हुने उत्सव, मेला पर्व र पूजाआजामा ज्येष्ठ नागरिकले पुर्ख्यौली नाचका साथै परम्परागत कला, संस्कृतिका विविध गतिविधि सञ्चालन गर्दै आएकामा पछिल्लो समय युवापुस्ताको सहभागिता बढाउन पहल थालिएको गर्बुजाले बताए । पुर्ख्यौली नाचका लागि कम्तीमा चारजना मादले र मारुनीसँगै सोरठी भाकामा गीत गाउन १५ जनाभन्दा बढी कलाकार आवश्यक पर्ने भएकाले सोहीअनुसार समूह बनाउनुपर्ने उनले जानकारी दिए ।

एउटा पुर्ख्यौली नाचका लागि एकैपटक धेरै जना आवश्यक पर्ने जनाउँदै उनले नयाँ पुस्ताको अभाव देखिन थालेपछि विद्यालय तहबाट नयाँ कलाकारलाई पुर्ख्यौली नाचसम्बन्धी कला सिकाउन थालिएको चिमखोलाका अग्रज कलाकार गम पुनमगरले बताए ।

बेलायतमा रहेका स्थानीय दुत गर्बुजाले २० वटा मादल उपलब्ध गराएपछि नयाँ पुस्ताले विद्यालयमा फुर्सदको समय सदुपयोग गरी पुर्ख्यौली नाच सिक्दै आएका छन् । ‘चिमखोला संस्कृतिमा धनी छ, यहाँबाट सुरु भएको थाली नाच अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चर्चामा छ । पुर्ख्यौली नाच पनि हाम्रो गाउँमा प्रख्यात छ, पुर्खाले जोगाउँदै ल्याएका कला, संस्कृति र परम्परालाई संरक्षण गर्दै निरन्तरता दिन हामी लागिपरेका छौं,’ उनले भने ।

### पुर्ख्यौली समूहमा युवायुवतीको खाँचो

भइरहेको समयमा विद्यालयका विद्यार्थी पुर्ख्यौलीमा आकर्षित भएपछि यसलाई जगेर्ना गर्दै पुस्तान्तरण हुनेमा आशा पलाएको उनको भनाइ छ । ग्रामीण भेगमा मेला, पर्व, विवाह, छेवरलगायत धार्मिक, सांस्कृतिकदेखि सार्वजनिक कार्यक्रममा अतिथिको स्वागतमासमेत पुर्ख्यौली नाच प्रदर्शन गर्ने परम्परा रहिआएको अग्रज कलाकार पुनमगरले बताए । ‘सुरुमा नाच देखाउनुअघि सोरठी भाकामा सरस्वती जगाउने गरिन्छ । मादलको तालमा सोरठी भाकाको कम्पनमा नाच्ने कलाकारदेखि हेर्ने दर्शकसम्म काम्ने यो नाचको अनौठो विशेषता छ । देवीदेवतालाई पुकारेर सरस्वती जगाउँदा सरस्वती जागेर कामेकालाई मादलको तालले फेरि सामान्य अवस्थामा फर्काउने गरिन्छ,’ उनले भने ।

पुर्ख्यौली नाचका लागि गाइने ख्याली र सोरठी भाकामा देवीदेवताका कथादेखि मायाप्रेम र सद्भावसँगै अधिकार र जिम्मेवारीका विषयलाई टुक्का गीतमार्फत गाउने चलन रहिआएको अग्रज कलाकार पुनमगरले जानकारी दिए । जिल्लामा पुर्ख्यौली नाच लोकप्रिय मौलिक संस्कृतिका रूपमा रहे पनि युवापुस्ताको अभाव र बाह्य संस्कृतिको प्रभावले कला, संस्कृति लोप हुने जोखिम बढ्न थालेकाले यसको संरक्षणका लागि समुदायस्तरमा जागरण अभियान थालिएको नेपाल मगर संघ म्याग्दीका अध्यक्ष खम थापामगरले बताए ।

युवायुवतीले पुर्ख्यौली नाच र सोरठी गाउन सिके पनि उनीहरू विदेश पलायन हुने भएकाले ज्येष्ठ नागरिक संस्कृति जगेर्नामा अग्रसर बन्नुपरेको भन्दै उनले नयाँ पुस्तालाई मौलिक परम्परा र कला, संस्कृति पुस्तान्तरण आवश्यक रहेकामा जोड दिए ।

‘पुर्ख्यौली नाचमा मादलेको भूमिकामा पुरुष हुन्छन् भने पुरुष नै महिलाको भेषमा सजिएर मारुनी बन्ने गर्छन् । महिलाले सोरठी र ख्याली भाका गाउँदा मादले र मारुनीले गीतको भाकामा मादलको ताल मिसाएर नाच देखाउँछन् । चोली, गुन्यू, पटुका, घल्याङ, पछ्यौरा, माला, हातमा रैयाँले सिँगारिएर पुरुष मारुनी बन्छन् भने सोही अनुपातमा शिरमा फेटा/टोपी, भोटो, खादी, भांग्रा पहिरिएर कम्मरमा मादल भिरेर मादले बन्ने गर्छन्,’ अध्यक्ष थापामगरले भने ।

पछिल्लो समय अध्ययन, रोजगारी, व्यापारव्यवसायलगायत कारणले गाउँ छाडेर देश तथा विदेशमा पुगेका म्याग्दीका पुनमगर समुदायले गाउँ र टोलस्तरमा रहेका पुर्ख्यौली नाचलाई विस्तार गर्दै संरक्षण र प्रवर्द्धनमा भूमिका निर्वाह गरिरहेका छन् । *रासस*

थिलथिलिएको बिपी राजमार्ग

# कठिनाइपूर्ण यात्रा कहिलेसम्म ?

राजकुमार पराजुली/काभ्रे

बिपी राजमार्गको यात्रा डेढ वर्षदेखि कठिनाइपूर्ण बनिरहेको छ । हालका दिनमा भइरहेको मध्यम र हल्का वर्षाले पनि पटक-पटक अवरुद्ध हुने गरेको उक्त राजमार्ग यो चैत महिनाको मध्यसम्म दुईपटक अवरुद्ध भइसक्यो । डेढ वर्षअघिसम्म मध्यपहाडी क्षेत्रको यात्रालाई सहजता दिलाएको उक्त राजमार्ग दुई वर्षमा ‘ठीकठाक’ पार्ने गरी स्थायी पुनर्निर्माण भने सुरु भइसकेको छ ।

संघीय राजधानी काठमाडौंलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एकमात्र वैकल्पिक र अत्यन्त महत्त्वपूर्ण सडकमार्ग बिपी राजमार्ग । विशेषगरी यस राजमार्गको काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको विभिन्न क्षेत्रस्थित सडकखण्डमा यस र अघिल्लो वर्षको असोजका बाढीपहिरोले ‘थिलथिलो’ नै बनाएको छ । यस राजमार्गको मध्यक्षेत्र अर्थात् काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षत्‌विक्षत् तथा बगाएपछि यात्रा जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । उक्त राजमार्गको सडक-सम्पर्क बिच्छेदसमेत भएको हो ।

वर्षायाममा केही भागमा क्षति पुऱ्याए पनि दुईवटा असोजका अविरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाइदिएको थियो । यस वर्ष पनि गत असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसा नै मेटिनेगरी, पैदलसमेत हिँड्न नसक्नेगरी बाढीपहिरोले तहसनहस बनाइदिएको थियो । गत साल असोजमा क्षत्‌विक्षत् राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिए पनि स्थायी बनाउने प्रक्रियामै रहेका बेला राजमार्ग पुनः थिलथिलो बन्नुपऱ्यो ।

डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार करिब चार किलोमिटर सडक नै बगाएको छ । यसका कारण खोलाबाटै डाइभर्सन बनाएर सवारी सञ्चालनमा ल्याउनुपऱ्यो । करिब २६ अर्ब जापानी येनबराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सीधा जोडेको छ । यस राजमार्ग निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट-मुग्लिन-काठमाडौं घुम्नुपर्ने झण्झट हटाइदिएको थियो ।

गत वर्षको असोज १०, ११ र १२ मा परेको अविरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो । त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिनपछि गत असोज १७ र १८ मा वर्षाले पुनः क्षति गराएको हो । संघीय राजधानी काठमाडौंबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँगसमेत जोडिएको छ । तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढीपहिरोले थप क्षतिग्रस्त बनाएको हो ।

राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन् । वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो बाटो बन्द हुने अवस्था निम्तिएको छ । यस्तै गत सालको बर्षाले काभ्रेपलाञ्चोकको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले नराम्रो क्षति पुऱ्याएको थियो । विशेषगरी नेपालथोक-आँपटार, कालढुंगा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौं मिटर सडक बगाएको छ । त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो ।

गत साल राजमार्गअन्तर्गत

“राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षाअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार राजमार्गमा भइरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनर्निर्माणको काम सकिने छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना ठूला गरी दैनिक तीन हजारभदा बढी सवारीसाधन आवातजावत गर्ने गरेका छन् । मुग्लिन-नारायणगढ सडकखण्ड अवरूद्ध हुँदा पूर्वबाट आउने अधिकांश साना सवारीसाधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन् । यस सडकमा ट्रिपर, मिनी बस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन् ।



काभ्रेपलाञ्चोकतर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेंसीका सडकखण्ड पूर्णरूपमा बगाएका थियो । गत सालको वर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत वैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो । त्यसलाई पनि अस्थायी मर्मत गरी सञ्चालनमा ल्याइएको थियो । यसैबीच पटक-पटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको हाल स्थायीरूपमा पुनर्निर्माण कार्यलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालय भक्तपुरले जानकारी दिएको छ । उक्त राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट थालिएको स्थायी पुनर्निर्माण कार्यलाई तीव्रता दिइएको हो ।

राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षाअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार राजमार्गमा भइरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनर्निर्माणको काम सकिने छ । हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीन वटा सडकखण्डमा कूल २५ प्रतिशत काम भएको योगेशको भनाइ छ ।

विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस वर्षको वर्षामा थप क्षति पुगेपछि गत मंसिरदेखि पक्रिया पुऱ्याएर स्थायी पुनर्निर्माण थालिएको हो । क्षग्रिस्त चार खण्डमध्ये बाँकी एक खण्ड जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गर्ने बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडक निर्माणको काम यसै महिनाभित्र ठेक्का सम्झौता हुने योगेशले जानकारी दिए । क्षति पुऱ्याएको विभिन्न स्थानमा ‘आरसिसी’ पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट पर्खाल लगाउन तथा चारसयबेंसी र भकुण्डेबेंसीमा पनि ‘आरसिसी’ पर्खाल लगाउन सुरु गरिएको छ ।

क्रमशः पृष्ठ ५ मा

# सडक सञ्जालमा जोडियो म्याग्दीको विकट गाउँ गुर्जा



**म्याग्दी–** धवलागिरि गाउँपालिका-१ गुर्जा सडक सञ्जालमा जोडिएको छ । गुर्जासँगै म्याग्दीका छवटा स्थानीय तहका ४५ वटै वडामा सडक पुगेको हो ।

धवलागिरि गाउँपालिकाले सञ्चालन गरेको लुलाङ-गुर्जा सडक योजनामार्फत गुर्जाको कानबराह नजिकैसम्म सडकको मार्ग खोल्न प्रयोग भएको डोजरसँगै 'बिएए' ७८४६ नम्बरको जिप बिहीबार पहिलोपटक पुगेको गुर्जाका वडाध्यक्ष झक छन्त्यालले जानकारी दिए ।

'यसअघिका तीन वर्षमा गाउँपालिका, प्रदेश र संघीय सरकारको लगानीमा लुलाङदेखि भैसीमानेसम्म करिब १८ किलोमिटर सडकको मार्ग खुलेको थियो,' उनले भने, 'चालु आर्थिक वर्षमा थप करिब चार किलोमिटर ट्र्याक (मार्ग) बनाएर गुर्जालाई यातायात सञ्चालसँग जोड्ने योजना निर्माणको अन्तिम चरणमा पुगेको छ ।'

थप एक किलोमिटर मार्ग खोलेर आगामी एक हप्ताभित्र गुर्जा गाउँसम्मै गाडी पुर्याउने तयारी भएको छ । चालु आर्थिक वर्षमा एक करोड ७० लाख रूपैयाँ बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्ट्रक्सनले गत पुसमा ८८ लाख ८५ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो । आव २०७९/८० देखि सुरु भएको लुलाङ-गुर्जा धवलागिरि गाउँपालिकाको गौरवको प्राथमिकताप्राप्त योजना भएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए । दुई वर्षअघिसम्म गुर्जादेखि लुलाङ पुग्न पूरै दिन भीर, जंगल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो ।

हाल गाडी पुग्ने गाउँदेखि पाँच मिनेट पैदलयात्रा गरेर गुर्जा पुग्न सकिन्छ । गत फागुनमा पाल्टनमा पुगेको सडक निर्माण कार्य डोजर बिग्रिएका कारण एक महिनापछि केही दिनअघि सञ्चालन भएको थियो । म्याग्दी १ (१) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले गुर्जासहित म्याग्दीका सबै वडाहरूमा सडक पुगेको बताए । 'भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित गुर्जामा सडक पुर्याउन सफल भएका छौं,' उनले भने, 'तीनै तहका सरकार र समुदायको सहकार्यमा गुर्जालाई सडक सञ्जालमा जोड्न सफल भएका हौं ।'

गाडी चल्न थालेपछि गुर्जाबाट दुई घण्टा ३० मिनेटमा गाउँपालिकाको केन्द्र मुना, पाँच घण्टामा बेनी र सात घण्टामा पोखरा पुग्न सकिने भएको छ । यसअघि गुर्जादेखि मुना पुग्न पूरै दिन पैदलयात्रा गर्नुपर्ने अवस्था रहेको स्थानीय गोर्खा छन्त्यालले बताए । गाडी चल्न थालेपछि बिरामीलाई अस्पताल पुर्याउन, कृषि, पशुजन्य र जडीबुटी बजारीकरणमा सहज भएको छ । गुर्जामा पर्यटकको चहलपहल बढ्न थालेको छ ।

मार्ग खुलेको सडकको ग्रेड, घुम्ती मिलाउन, साँघुरो ठाउँमा फाराकिलो पार्न, पक्की नाला बनाउन चालु आवमा संघीय सरकारको सहरी विकास मन्त्रालयबाट तीन करोड रूपैयाँ र गण्डकी प्रदेश सरकारले ५० लाख रूपैयाँ विनियोजन गरेको छ । प्रदेश सरकारले पालिकामा पठाएको ५० लाख रूपैयाँ बजेटको योजना कार्यान्वयनका लागि ठेक्का आह्वान भइसकेको पालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताए ।

गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण थालेको छ । दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमै अस्पताल पुर्याउन सहज भएको छ । गुर्जामा अल्पसंख्यक छन्त्याल र दलित समुदायको बसोबास छ । एउटै बस्ती एकै वडामा समेटिएको २६५ घरपरिवार रहेको गुर्जाको जनसंख्या एक हजार ५०५ जना छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## कठिनाइपूर्ण यात्रा...

यस्तै डालाबेंसी, मंगलटार खण्ड, चारसयबेंसीदेखि नार्के खण्डमा सडक चौडा बनाउने कामसमेत भइरहेको योगेशले बताए । उनका अनुसार गत वर्ष र यस वर्षको बाढीले सडक पूर्णक्षति भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ ।

राजमार्गको काभ्रेपलाञ्चोक र सिन्धुलीको क्षतिग्रस्त खण्डको आगामी दुई वर्षभित्र पुनर्निर्माणको काम सक्ने लक्ष्य राखिएको छ । कार्यालयका अनुसार क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणका लागि तीन खण्डमा एकैसाथ काम सुरु गरिएको हो । यस वर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायतको काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका केही स्थानमा संरचना बनाई कालोपत्रे गरी कामलाई तीव्रता दिइएको योगेशले बताए । बाढीपहिरोले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुर्याएको थियो ।

अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो । 'पुनर्निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्ने छ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिने छ,' योगेशले भने । उनका अनुसार पाँचवटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ ।

डालाबेंसीदेखि चारसयबेंसीसम्म ८.५ किलोमिटर सडक पुनर्निर्माणका लागि खानी-एवन-कमलजित जेभीले एक अर्ब ४२ करोड ३७ लाख रूपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो । यस्तै चारसयबेंसीदेखि भकुण्डेबेंसीसम्मको ११.८ किलोमिटर सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई एक अर्ब ३३ करोड ५३ लाख रूपैयाँमा ठेक्का दिइएको हो । नेपालथोकदेखि बर्खेखोलासम्म ४.९० किलोमिटर सडक पुनर्निर्माणका लागि ६१ करोड रूपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी खरिढुंगा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ ।

क्षतिग्रस्त कूल २९.५ किलोमिटर सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडकलाई जाइकाले दुई अर्ब ६३ करोड रूपैयाँबराबरको अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको थियो । क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रूपैयाँ स्रोत सहमति दिएको हो । यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रूपैयाँको स्रोत सहमति दिइएको हो । विस्तृत अनुगमन निरीक्षण गरी पुनःअस्थायी बनाउने काम थालिएको कार्यालयकी इञ्जिनियर विन्दु अधिकारीले जानकारी दिइन् ।

गत असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले उक्त राजमार्गको भकुण्डे-नेपालथोक सडकखण्डमा धेरै क्षति पुर्याएको कार्यालयले जनाएको छ । इञ्जिनियर अधिकारीका अनुसार बिपी राजमार्गअन्तर्गत उक्त सडकखण्डको १७ स्थानमा रोशी खोलाले क्षति पुर्याएको छ भने राजमागको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चारसयबेंसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ । यी स्थानमा अब शून्यबाटै फेरि मर्मत सुरु गरिने अधिकारीको भनाइ छ ।

कार्यालयका अनुसार हाल ११० किलोमिटर सडकमा यातायात पुनः सञ्चालनमा रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ । कार्यालयले गत साल असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो । त्यतिबेलाको बाढीपहिरोले आठ किलोमिटर सडक पूरै बगाएको थियो ।

यस्तै क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुईवटा गाडी सहजरूपमा गुड्नेगरी सात मिटर चौडाइको कालोपत्रे भएको र अर्को रोशी खोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ । कार्यालयले पहिलो चरणमा भकुण्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ । राजमार्गमा जोखिमका कारण पटक-पटक विशेषगरी राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएको छ । दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवाडका बखत भने तेब्बर सवारीसाधन ओहोरदोहोरनै गर्छन् ।

त्यसो त जाइकाको प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ । तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारीसाधन सञ्चालन गर्दै आइरहेका छन् । बिपी राजमार्गमा टिपरले २५ टनसम्म गिट्टी बालुवा लिएर निर्वाधरूपमा सञ्चालन हुने गरे पनि नियम कार्यान्वयन गर्ने निकाय भने प्रायः मुकदर्शक नै बन्ने गरेको पाइन्छ । बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकको रूपमा यस सडकमा सञ्चालन हुने टिपर पनि रहेका छन् । दैनिक यस सडकमा ६०० भन्दा बढी टिपर क्षमताभन्दा बढी लोड लिएर सञ्चालन भइरहेका छन् । बेलाबखत प्रहरीले चेकिङ गरे पनि नियमितरूपमा अनुगमन हुन सकिरहेको छैन । यसको फाइदा टिपर व्यवसायीले उठाउँदै आएका छन् । संगठितरूपमा टिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पार्दै आएका पनि छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना ठूला गरी दैनिक तीन हजारभदा बढी सवारीसाधन आवातजावत गर्ने गरेका छन् । मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकांश साना सवारीसाधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन् । यस सडकमा टिपर, मिनी बस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन् ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त राजमार्ग संघीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ । *रासस*


### मलेसियामा रोजगार — कम्पनी : BUDI FEED SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340386 | चलानी नं. ६०२५३७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 6 | 0 | 1700 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

### मलेसियामा रोजगार — कम्पनी : SP LOGISTICS SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 334223 | चलानी नं. ६०२४८०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Worker | 20 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

### मलेसियामा रोजगार — कम्पनी : KNIGHT GUARDS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 334799 | चलानी नं. ६०२४८४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ र २९ गते (11 & 12th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

### साउदीमा रोजगार — AL-HATLANI AUTOMATIC BAKERY FACTORY, KSA

पुर्व स्विकृति मिति: 2026/02/17 | चलानी नं. 60253787 | LT No. 339188

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N.Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 02 | काममा दक्ष | 1000 | 39610 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | १०,००० |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८२/१२/२८ गते (11 April 2026) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**SWASTIK OVERSEAS SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu , Nepal , Lic No: 505/061/62, Phone: I-4987984, 4987986

### मलेसियामा रोजगार — कम्पनी : WONDERFUL CREAMERY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340373 | चलानी नं. ६०२५३७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 0 | 1700 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : THE BAKER'S HUT SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340374 | चलानी नं. ६०२५३७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Service Crew | 9 | 0 | 1700 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८

### मलेसियामा रोजगार — कम्पनी : WCT FLORA NURSERY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 340199 | चलानी नं. ६०२५३७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Labours | 10 | 0 | 1700 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HWA TAI INDUSTRIES BERHAD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 340145 | चलानी नं. ६०२५३७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 11 | 0 | 1700 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1428/074/075
**AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED**
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

### ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!
### शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: CPI SDN. BHD.
कम्पनी : सीपीआई एसडिएन बिएचडि
Pre Approval Date : 2026-04-23 | LT. No. 340365 | Invoice No. 60253789
पूर्व स्वीकृति मिति : २०८२/१२/२० | एल टि न. ३४०३६५ | चलानी नं. ६०२५३७८९

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट MYR | ने.रु. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/ Factory Worker | 39 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६३,९४५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the office on 9th Apr, 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २६ गते हुनेछ ।

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गारिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रकियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund | सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० I- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५०० I- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9816572430, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

### ओमनमा रोजगार — कम्पनी : SHINE KLEEN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340395 | चलानी नं. ६०२५३८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-4, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066

### मलेसियामा रोजगार — कम्पनी : S.P. UNITED INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340426 | चलानी नं. ६०२५३८०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 8 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २७ गते (10th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9816572430, 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

### मलेसियामा रोजगार — कम्पनी : STANDARD COATING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340419 | चलानी नं. ६०२५३८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 12 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २८ गते (11th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५

प्रभाव दैनिक

शनिबार, २१ चैत २०८२ (Saturday, 04 April 2026)

रूपशाला

## दीपेन्द्र र मञ्जुको 'तारा पिली पिली' सार्वजनिक

गायक तथा कलाकार दीपेन्द्र खड्का नयाँ साङ्गीतिक कोसेली 'तारा पिली पिली' सार्वजनिक भएको छ । आइरा डिजिटलको प्रस्तुति रहेको गीतमा खड्कालाई लोकप्रिय गायिका सुनिता बुढा क्षेत्रीले स्वरमा साथ दिएकी छन् । गीतको लय तथा शब्द सिर्जना कृष्ण लामिछानेले गरेका हुन् भने संगीत संयोजन महेन्द्र भण्डारीको रहेको छ । गीतको भिडियोमा गायक खड्का र मञ्जु भण्डारीको अभिनय छ । भिडियोको निर्देशन कृष्ण लामिछानेले गरेका हुन् भने छायांकन करण चैसीर र सम्पादन विनोद बमले गरेका छन् ।



# गम्भीर आरोपमा मुछिए 'बले' उर्फ सागर लम्साल



■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार सागर लम्साल 'बले' गम्भीर आरोपमा मुछिएका छन् । अमेरिकामा बस्दै आएकी युवतीले सामाजिक सञ्जालमार्फत उनीमाथि जबर्जस्ती सम्बन्ध राखेको आरोप लगाएकी हुन् । एक वर्षअघि बले अमेरिका आएको बेला आफ्नो अपार्टमेन्टमै जबर्जस्ती गरेको युवतीको दाबी छ ।

आफू सानै उमेरदेखि डिप्रेसन र एन्जाइटी डिसअर्डरसँग जुधिरहेको बेला दाइ मानेको व्यक्तिबाट घृणित कार्य भएको उनले लेखेकी छन् ।

'कुरा गर्दै जाँदा उहाँले 'तिमी बसेको ठाउँ हेरौँ न त' भन्नुभयो । मैले १० वर्षभन्दा बढी समयदेखि चिन्ने, आफ्नै दाइझैँ मानेको मान्छेलाई विश्वास गरेर आफ्नो अपार्टमेन्ट देखाउन लगेँ । अपार्टमेन्टमा बसेर कुरा गर्दा मेरो स्वास्थ्यको विषय आयो । मैले आफ्ना सबै पीडा, संघर्ष-रुँदै, बताउँदै, कति गाह्रो भइरहेको छ भनेर सुनाएँ । तर मलाई थाहा थिएन- जसलाई मैले दाइ मानेकी थिएँ, जसलाई हाम्रो परिवारले पनि आफ्नै मान्थ्यो, त्यो मान्छे वास्तवमा राक्षस रहेछ । म बलात्कृत भएँ', उनले लेखेकी छिन् ।

परिवारलाई आफूले भन्न चाहे पनि त्यो अवस्थामा परिवार नै टुट्छ कि भन्ने डर लागेको उनको भनाइ छ ।

आरोप लगाउने युवती फिल्मकर्मी परिवारकै सदस्य र स्वयं प्रतिभाशाली कलाकार हुन् । उनलाई नजिकबाट चिन्ने एक कलाकारले युवती असल र सरल स्वभावकी भएकाले झूटो बयान दिएको जस्तो नलागेको बताए ।

**'पाँच पाण्डव'बाट निकालिए 'बले'**

अमेरिकामा अध्ययनरत एक युवतीले सामाजिक सञ्जालमार्फत कलाकार सागर लम्साल 'बले' माथि बलात्कारको आरोप लगाएपछि उनलाई चलचित्र 'पाँच पाण्डव'बाट निष्कासन गरिएको छ ।

निर्माण कम्पनी कालीरानी फिल्म्स प्रा.लि.ले मंगलबार (चैत २० गते) एक प्रेस विज्ञप्ति जारी गर्दै नैतिकताका आधारमा लमसाललाई फिल्मबाट हटाउने र उनको ठाउँमा अर्को कलाकार लिएर पुनः छायांकन (रि-सुट) गर्ने निर्णय सार्वजनिक गरेको हो ।

विज्ञप्ति अनुसार गत चैत २ गतेदेखि झापा आसपासमा चलचित्रको छायांकन भइरहेको थियो । सागर लम्सालको करिब ९० प्रतिशत दृश्यहरू खिचिसकिएको अवस्थामा यो विवाद बाहिर आएको हो । निर्माण पक्षले अब लम्साल संलग्न रहेका कुनै पनि दृश्य चलचित्रमा समावेश नगर्ने र ती सबै दृश्य फेरि खिच्ने (रि-सुट) स्पष्ट पारेको छ ।

चलचित्रका प्रस्तुतकर्ता नवीन श्रेष्ठका अनुसार ९० प्रतिशत काम सकिएको कलाकारलाई हटाउँदा फिल्मलाई ठूलो आर्थिक क्षति हुनेछ । यद्यपि, पीडित युवतीको पीडाअघि यो आर्थिक क्षति सामान्य रहेको कम्पनीको ठहर छ ।

बसन्त निरौलाको निर्देशनमा बनिरहेको यस चलचित्रमा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, दीपाश्री निरौला, महेश त्रिपाठी लगायतका चलेका कलाकारहरूको मुख्य भूमिका रहेको छ । लम्सालको ठाउँमा अब कुन कलाकारलाई अनुबन्ध गरिन्छ भन्नेबारे निर्माण पक्षले केही खुलाएको छैन ।

# सकियो 'महिला चलचित्र महोत्सव'



■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली चलचित्र क्षेत्रमा क्रियाशील १० जना महिला चलचित्रकर्मीहरू एकसाथ सम्मानित भएका छन् । काठमाडौंमा जारी 'महिला चलचित्र महोत्सव'को समापन समारोहको अवसर पारेर उनीहरूलाई सम्मान गरिएको हो ।

अन्तर्राष्ट्रिय नारी दिवस २०८१ को अवसरमा चलचित्र विकास बोर्डले आयोजना गरेको उक्त महोत्सव शुक्रबार सम्पन्न भएको छ । समापन समारोहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव लक्ष्मी कुमारी बस्नेत, वरिष्ठ अभिनेत्री बसुन्धरा भुसाल र बोर्डका अध्यक्ष दिनेश डिसीले उनीहरूलाई जनही २५ हजार रूपैयाँ नगद र सम्मानपत्रसहित सम्मान गरे ।

सम्मानित १० महिलाहरू गौरी मल्ल (वरिष्ठ कलाकार), देविका बन्दना (गायिका), लक्ष्मी श्रेष्ठ (कलाकार), शारदा गिरी (कलाकार), रीना मोक्तान (चलचित्र पत्रकार), प्रज्ञा जोशी (निर्माता/कलाकार), गौमाया गुरुङ(कलाकार), ऋचा शर्मा(कलाकार), अञ्जना बराइली (कलाकार), गीता अधिकारी (कलाकार) रहेका छन् ।

गत मङ्गलबारदेखि सुरु भएको यस महोत्सवको उद्घाटन नेपालकी प्रथम नायिका भुवन चन्दले गरेकी थिइन् । महोत्सव अवधिभर नेपालको पहिलो रंगिन र ऐतिहासिक चलचित्र 'कुमारी' र चर्चित कृतिमा आधारित 'जीवन काँडाकी फूल' प्रदर्शन गरिएको थियो ।

चलचित्र प्रदर्शनका साथै महोत्सवमा विभिन्न पुस्ताका स्रष्टा, निर्देशक र सरोकारवालाहरूबिच चलचित्र क्षेत्रमा महिलाको भूमिका र चुनौतीका विषयमा अनुभव आदानप्रदान तथा अन्तरक्रिया समेत सञ्चालन गरिएको थियो ।

नेपाली चलचित्र उद्योगमा महिलाहरूको विशिष्ट योगदानलाई उजागर गर्ने उद्देश्यले आयोजित यस महोत्सवले नयाँ पुस्ताका महिला चलचित्रकर्मीहरूलाई थप प्रेरणा र ऊर्जा दिएको विश्वास चलचित्र विकास बोर्डले लिएको छ ।

रंगशाला

# राईलाई आदर्श खेल व्यक्तित्व पुरस्कार

## स्यान्टु र एरिका वर्ष सर्वोत्कृष्ट खेलाडी



■ प्रभाव संवाददाता

**काठमाडौं–** टेबलटेनिसका स्यान्टु श्रेष्ठ र करातेकी एरिका गुरुङले २०औं एनएनआइपीए स्पोर्ट्स अवार्डअन्तर्गत सर्वोत्कृष्ट खेलाडीको अवार्ड जितेका छन् ।

नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी संघ (एनएनआइपीए) को आयोजना तथा स्थानीय आयोजकका रूपमा काभ्रेको बनेपा नगरपालिकासँगको समन्वयमा चण्डेश्वरी मन्दिर परिसरमा शुक्रबार एक कार्यक्रमका बीच दुवैलाई उक्त अवार्डसहित जनही रु एक लाख नगदबाट पुरस्कृत गरिएको एनएनआइपीएले जनाएको छ ।

प्रतिभाशाली खेलाडी अवार्ड पुरुषतर्फ तेक्वान्दोका अभिषेक बराल र महिलातर्फ बक्सिङकी स्वस्तिका तिरुवाले हात पारेका छन् । उनीहरूलाई ट्रफीसहित जनही रु ५० हजार नगद पुरस्कार प्रदान गरिएको हो । गजराज जोशी आदर्श खेल व्यक्तित्व पुरस्कार भलिबल प्रशिक्षक कुमार राईले प्राप्त गर्दा फोटो पत्रकार उदिप्तसिंह क्षेत्री एनएनआइपीए खेल पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका हुन् । दुवैले जनही रु ३५ हजार नगद पुरस्कार पाएका छन् ।

वर्ष उत्कृष्ट पारा खेलाडीको अवार्ड एथलेटिक्सकी प्रभा आङडेम्बेले जितिन् । प्रभाले रु १५ हजार नगद पुरस्कार पाइन् । त्यसअघि विभिन्न २६ खेलका खेलाडीलाई वर्ष उत्कृष्ट खेलाडी-२०८२ बाट पुरस्कृत गरिएको थियो । पुरस्कृत हुनेमा एरिका गुरुङ (कराते), मीन कार्की (फेन्सिङ), तिलक पुन (आर्चरी), मौलिक महर्जन (ट्रायथलन), एर्विन श्रेष्ठ (पौडी), सुनिरा थापा (टेनिस), रशिला महर्जन (ब्याडमिन्टन), रविना चौधरी (कबडी), दीक्षा मगर (जुडो), प्रीति राई (फुटबल) र अच्युतकृष्ण खरेल (साइक्लिङ) रहेका छन ।

त्यस्तै सन्तोषी श्रेष्ठ (एथलेटिक्स), अमरेशकुमार यादव (कुस्ती), अभिषेक बराल (तेक्वान्दो), स्वस्तिका तिरुवा (बक्सिङ), शिवजी सिलवाल (उसु), सुमित्रा रेग्मी (भलिबल), निकेश रखाल मगर (बास्केटबल), सद्भाव आचार्य (गल्फ), दिलीप यादव (भारोत्तोलन), रविन चेपाङ (र्‍याफ्टिङ एन्ड क्यानोइङ), निलिमा पाण्डे (हक्की), निशा राई (ह्यान्डबल), सुमित तमखु (जिम्न्यास्टिक), स्यान्टु श्रेष्ठ (टेबलटेनिस) र लक्ष्मी राई (स्की) रहेका छन् ।

यिनै २६ खेलाडीमध्येबाट सर्वोत्कृष्ट र प्रतिभाशाली खेलाडी छनोट गरिएको स्थानीय आयोजक बनेपा नगरपालिकाले जनाएको छ । विजेतालाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहता, राखेपका कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराई, सुवर्ण श्रेष्ठ र भानबहादुर चन्द, राखेपका सदस्य जगतसिंह धामी र जगत टमटा, बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्य र उपप्रमुख विमला सापकोटा दाहाल, खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठ, खेलाडी सङ्घका मानार्थ अध्यक्ष दीपक विष्टलगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सदस्यसचिव मेहताले विभिन्न खेलका उत्कृष्ट खेलाडीलाई एउटै मञ्चमा उपस्थित गराएर पुरस्कृत गर्ने कार्य प्रशंसनीय रहेको बताएका छन् । काठमाडौं उपत्यकाबाहिर पहिलोपटक अवार्ड आयोजना गरिएको हो ।

# विश्व च्याम्पियनसिपमा सहभागी हुन नेपाली क्लाइम्बिङ टोली चीन जाँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** जापानमा हुने २० औं एसियाली खेलकुदको छनोट प्रतियोगिता तथा विश्व च्याम्पियनसिपमा सहभागी हुन नेपाली क्लाइम्बिङ टोली आइतबार चीन जाने भएको छ ।

दुवै प्रतियोगिताको पुरुषमा तेन्जिङ बर्टिन राई र रोनक उप्रेती तथा महिलामा स्वस्तिका चौधरीले नेपालको चुनौती पेश गर्ने छन् ।

एसियाली क्लाइम्बिङ च्याम्पियनसिप चीनको मिसानमा अप्रिल ८ देखि १२ तारिखसम्म हुनेछ । नेपालले बाउल्डर र लिड स्पर्धामा खेल्ने छ ।

एसियाली खेलकुदमा स्थान निश्चित गर्न शीर्ष १६ स्थानमा पर्नु पर्ने नेपाल क्लाम्बिङ स्पोर्ट एसोसिएसनका महासचिव सन्तोष माडेनले जनाएका छन् ।

त्यस्तै विश्व क्लाम्बिङ सिरिज मे १ देखि ३ तारिखसम्म चीनको केकियाओमा हुनेछ । यसमा बाउल्डर विधा मात्र समावेश छ ।

दुई प्रतियोगिताको बीचको अवधिमा खेलाडी प्रशिक्षणमा सहभागी हुने क्लाम्बिङ संघका सचिव सुजित कँडेलले जानकारी दिए ।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहताले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरे ।



चेक गणराज्यको सेस्के बुडेजोभिसको सडकमा निस्किएको इस्टर जुलुसमा कालो पोसाक र मास्क लगाए भाग लिँदै सहभागीहरू । *तस्बिरः एपी*

# चोखिरएको सुनौलो हेलमेट फिर्ता

**एसेन (नेदरल्याण्ड्स)**– गत वर्ष नेदरल्याण्ड्सको एक संग्रहालयबाट चोरी भएको रोमानियाको दुई हजार ५०० वर्ष पुरानो अमूल्य सुनौलो हेलमेट अन्ततः बरामद भएको छ, जसले लामो समयदेखि रहँदै आएको अनिश्चितता अन्त्य गरेको छ। डच अधिकारीहरूले बिहीबार उक्त ऐतिहासिक वस्तु सुरक्षितरूपमा फिर्ता ल्याइएको जानकारी दिएका छन् ।

पूर्वी डच सहर एसेनमा आयोजित पत्रकार सम्मेलनमा कडा सुरक्षाबीच अभियोजकहरूले डेसिया सभ्यतासँग सम्बन्धित कोटोफेनेस्टी हेलमेट सार्वजनिक गरेका हुन् । अभियोजन सेवाकी कोरिएन फाहनरले हेलमेट फिर्ता हुनु अत्यन्तै सुखद उपलब्धि भएको उल्लेख गर्दै यो प्रक्रिया निकै उतारचढावपूर्ण रहेको बताए ।

उक्त हेलमेट जनवरी २०२५ मा ड्रेन्ट्स संग्रहालयमा आयोजना गरिएको छ महिनाको प्रदर्शनीको अन्तिम सप्ताहन्तमा चोरी भएको थियो । चोरहरूले तीनवटा सुनौलो हातमा लगाउने गहना (आर्मब्याण्ड) सहित संग्रहालयमा प्रवेश गरी हेलमेट लुटेका थिए । घटनापछि यसको ऐतिहासिक महत्त्व र विशिष्ट बनावटका कारण बेच्न कठिन हुने भएकाले पगालिएको हुन सक्ने आशंका गरिएको थियो ।

चोरीसँग सम्बन्धित आरोपमा पक्राउ परेका तीन जनासँग अभियोजकहरूले गरेको सम्झौताअन्तर्गत हराइरहेका तीनमध्ये दुई आर्मब्याण्ड पनि बरामद भएका छन् । ती अभियुक्तहरूको मुद्दा यसै अप्रिलमा सुरु हुने जनाइएको छ । बाँकी एक आर्मब्याण्डको खोजी भने अझै जारी रहेको अधिकारीहरूले




बताएका छन् ।

बरामद गरिएको हेलमेट पूर्णरूपमा अक्षुण्ण अवस्थामा भने छैन । ड्रेन्ट्स संग्रहालयका निर्देशक रोबर्ट भ्यान ल्याङका अनुसार यसमा केही सामान्य दाग देखिए पनि स्थायी क्षति भने नभएको स्पष्ट पारे । आर्मब्याण्डहरू भने राम्रो अवस्थामा फेला परेका छन् ।

अनुसन्धानका क्रममा सार्वजनिक गरिएको सुरक्षा भिडियोमा चोरहरूले घरमै बनाइएको विष्फोटक र स्लेजहच्यामर प्रयोग गरी संग्रहालयको ढोका फुटाएर प्रवेश गरेको देखिन्छ। त्यसपछि उनीहरूले लक्षित वस्तुहरू लिएर फरार भएका थिए ।

यो घटनाले नेदरल्याण्ड्स र रोमानियाबीच कूटनीतिक तनावसमेत सिर्जना गरेको थियो । रोमानियाका न्यायमन्त्री राडु मरिन्स्कुले यसलाई 'राज्यविरुद्धको अपराध' भन्दै चोरी गरिएका सम्पदा फिर्ता ल्याउने कार्यलाई उच्च प्राथमिकतामा राखिएको बताएका थिए ।

अब हेलमेट फिर्ता भएसँगै दुवै देशका लागि महत्त्वपूर्ण सांस्कृतिक सम्पदा पुनः सुरक्षित भएको छ, यद्यपि यसको पूर्ण पुनःस्थापना र बाँकी वस्तुको खोजी कार्य अझै जारी रहने छ । *रासस/एपी*

# मानव फेरि चन्द्रतर्फ, नयाँ इतिहास सुरु



**केप क्यानाभेरल (फ्लोरिडा)**– करिब पाँच दशकपछि मानवयुक्त अन्तरिक्ष यात्रा पृथ्वीको कक्षाभन्दा बाहिर निस्कँदै चन्द्रमातर्फ अग्रसर भएको छ । नासाको आर्टेमिस द्वितीय मिसनअन्तर्गतका अन्तरिक्षयात्रीहरूले एक दिन पृथ्वी वरिपरि परिक्रमा गरेपछि इञ्जिन प्रज्वलन गर्दै चन्द्र यात्राको ऐतिहासिक चरण सुरु गरेका छन् ।

लिफ्टअफ भएको झण्डै २५ घण्टापछि गरिएको 'ट्रान्सलुनर इग्निसन' सफलतापूर्वक सम्पन्न भएसँगै तीन अमेरिकी र एक क्यानेडियाली अन्तरिक्षयात्री बोकेको ओरियन क्याप्सुल पृथ्वीको कक्षाबाट बाहिर निस्केर करिब दुई लाख ५० हजार माइल (चार लाख किलोमिटर) टाढा रहेको चन्द्रमातर्फ अग्रसर भएको छ । नासाका अधिकारी लोरी ग्लेजले सन् १९७२ मा अपोलो १७ पछि पहिलोपटक मानिसहरूले पृथ्वीको कक्षा छोडेको घोषणा गरे ।

इञ्जिन प्रज्वलन पूर्णरूपमा सफलतापूर्वक सम्पन्न भएको जनाउँदै क्यानाडाली अन्तरिक्षयात्री जेरेमी ह्यानसेनले पृथ्वीबाट टाढिँदै गर्दा देखिएको दृश्यलाई 'अभूतपूर्व' बताए । उनका अनुसार चालक दलका सदस्यहरू झ्यालमै टाँसिएर पृथ्वीलाई टाढिँदै गरेको हेर्दा भावुक बनेका थिए ।

नासाले सुरक्षाको दृष्टिले चन्द्र यात्राअघि एक दिन पृथ्वी नजिकै राखेर क्याप्सुलको जीवन-समर्थन प्रणाली परीक्षण गरेको थियो । त्यसपछि मात्र चन्द्रतर्फको पूर्णयात्रा अनुमति दिइएको हो । यो परीक्षणलाई उडान नासाको दीर्घकालीन चन्द्र योजना (स्थायी आधार स्थापना र भविष्यमा निरन्तर मानव उपस्थिति) का लागि महत्त्वपूर्ण आधार मानिएको छ ।

कमाण्डर रिड वाइजम्यान, पाइलट भिक्टर ग्लोभर, क्रिस्टिना कोच र ह्यानसेनले चन्द्रमाको नजिक पुगेर त्यसभन्दा पारि घुमेर पुनः पृथ्वी फर्कने योजना बनाइएको छ । यस क्रममा उनीहरूले सन् १९७० को अपोलो १३ ले बनाएको दूरीको कीर्तिमान तोड्ने अपेक्षा गरिएको छ । साथै, अप्रिल १० मा पृथ्वीमा फर्किंदा सबैभन्दा तीव्र गतिमा पुनः प्रवेश गर्ने सम्भावना पनि छ ।

यो मिसनले इतिहासमा नयाँ आयाम थपिसकेको छ । ग्लोभर, कोच र ह्यानसेन क्रमशः पहिलो अश्वेत, पहिलो महिला र पहिलो गैरअमेरिकी अन्तरिक्षयात्रीका रूपमा चन्द्र यात्रामा सहभागी भएका हुन् । यसअघि अपोलो कार्यक्रमअन्तर्गत चन्द्रमा पुगेका २४ जना सबै श्वेत पुरुष थिए । ग्लोभरले पृथ्वीलाई अन्तरिक्षबाट हेर्दा सम्पूर्ण मानवता एउटै देखिने उल्लेख गर्दै मानव एकताको सन्देश दिए । 'हामी सबै एउटै प्रजाति हौं,' उनले भने ।

मिसनको महत्त्वपूर्ण क्षणअघि अन्तरिक्षयात्रीहरूलाई उत्साहित बनाउन संगीतमार्फत जगाइएको थियो । त्यसपछि अन्तिम अनुमति दिँदै उनीहरूलाई 'मानवताको चन्द्र फर्कने यात्रा' को हिस्सा भएको बताइएको थियो । क्याप्सुलले पृथ्वी र चन्द्रमाको गुरुत्वाकर्षण प्रयोग गर्दै 'फ्रि-रिटर्न' मार्गमा यात्रा गरिरहेको छ, जसमा इञ्जिनले २४ हजार माइल प्रतिघण्टाभन्दा बढी गति दिएको छ ।

कमाण्डर वाइजम्यानले यो यात्रा असाधारण र चुनौतीपूर्ण भएको उल्लेख गर्दै यसको गम्भीरता अहिलेमात्र महसुस भइरहेको बताए । उडान निर्देशक जुड फ्रिलिङले पनि यसलाई जीवनमा एकपटक मात्र आउने अवसरका रूपमा व्याख्या गरे ।

अर्को महत्त्वपूर्ण चरण सोमबार चन्द्रमाको नजिक पुग्दा हुने छ । ओरियन क्याप्सुल चन्द्रमाबाट करिब चार हजार माइल (छ हजार ४०० किलोमिटर) नजिक पुगेर त्यसको टाढाको भागको दुर्लभ दृश्य अवलोकन गर्ने छ । साथै, अन्तरिक्षयात्रीहरूले पूर्ण सूर्यग्रहणसमेत देख्न पाउने छन् । यसअघि पृथ्वीको कक्षमा रहँदा उनीहरूले महादेशहरू, समुद्री किनार र दक्षिण ध्रुवसम्मको दृश्य स्पष्टरूपमा अवलोकन गरेका थिए । कोचले ती दृश्यहरूलाई अत्यन्त प्रभावशाली बताए ।

नासाले यो मिसनलाई सन् २०२८ मा मानवलाई चन्द्रमामा अवतरण गराउने दीर्घ योजनाअन्तर्गत महत्त्वपूर्ण परीक्षणका रूपमा लिएको छ । यद्यपि, उडानका क्रममा केही प्राविधिक चुनौतीहरू पनि देखिएका छन् ।

ओरियन क्याप्सुलको शौचालयमा समस्या देखिएपछि अन्तरिक्षयात्रीहरूले वैकल्पिक उपाय अपनाएका थिए। साथै, पानी आपूर्ति प्रणालीमा सम्भावित समस्या समाधान गर्न पिसाब भण्डारण झोलाहरूलाई पानी भण्डारणका रूपमा प्रयोग गरिएको छ। अन्तरिक्षयात्रीहरूले चन्द्रमातर्फको यात्राअघि सात लिटरभन्दा बढी पानी सुरक्षित राख्न सफल भएका छन् ।

यी साना चुनौतीबीच पनि आर्टेमिस द्वितीयले मानव अन्तरिक्ष यात्राको नयाँ अध्याय सुरु गरेको छ, जसले चन्द्रमामा पुनः मानव उपस्थितिमात्र नभई, भविष्यका गहिरा अन्तरिक्ष अभियानका लागि पनि मार्गप्रशस्त गर्ने अपेक्षा गरिएको छ । *रासस/एपी*

# 'इरानसँग अझै उल्लेखनीय सैन्य आक्रमण क्षमता'

**वासिङ्टन**– पछिल्लो अमेरिकी गुप्तचर मूल्यांकनअनुसार इरानसँग अझै पनि उल्लेखनीय सैन्य आक्रमण क्षमता कायम रहेको देखिएको छ । प्रतिवेदनका अनुसार अमेरिका र इजरायलले एक महिनाभन्दा अघि गरेको व्यापक आक्रमणपछि पनि इरानका करिब आधा मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित रहेका छन् भने हजारौं एकतर्फी आक्रमण ड्रोन अझै प्रयोगका लागि तयार अवस्थामा छन् ।

गुप्तचर जानकारीसँग परिचित एक स्रोतका अनुसार इरान अझै पनि सम्पूर्ण क्षेत्रमा ठूलो क्षति पुऱ्याउन सक्षम रहेको बताइएको छ। यसैगरी, इरानसँग ठूलो संख्यामा मिसाइलहरू र तटीय रक्षा प्रणालीका रूपमा प्रयोग हुने क्रुज मिसाइलहरूको उल्लेखनीय हिस्सा अझै बाँकी रहेको जनाइएको छ । यी क्षमता हर्मुज जलडमरूमध्य नियन्त्रणका लागि महत्त्वपूर्ण मानिन्छन् ।

इरानको नियमित नौसेनाका धेरै जहाजहरू नष्ट भए पनि इस्लामिक रिभोलुसनरी गार्डसँग सम्बन्धित छुट्टै नौसैनिक बलले अझै करिब आधा क्षमता जोगाइराखेको बताइएको छ । यसअन्तर्गत सयौंदेखि हजारौंसम्म साना डुंगा तथा मानवविहीन जलयानहरू बाँकी रहेका छन् ।

गुप्तचर मूल्यांकनले इरानले भूमिगत संरचनाहरू प्रयोग गरेर आफ्ना मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित राख्न सफल भएको देखाएको छ । इरानले लामो समयदेखि सुरुङ र गुफाहरूको सञ्जालमा यस्ता संरचना लुकाउँदै आएको छ, जसले तिनीहरूलाई लक्ष्य बनाउन कठिन बनाएको छ ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैन्य कारबाही सम्पन्न गर्न दुईदेखि तीन हप्ताको समयसीमा उल्लेख गरे पनि गुप्तचर मूल्यांकनको अध्ययन गरेका स्रोतहरूले उक्त समयसीमा यथार्थपरक नभएको बताएका छन् । हालसम्म पनि इजरायल, खाडी क्षेत्रमा रहेका अमेरिकी सहयोगी देशहरू तथा अमेरिकी सेनाले इरानबाट हुने नियमित मिसाइल र ड्रोन आक्रमणको सामना गरिरहेका छन् । *रासस/सिन्ह्वा*

# म्यान्मामा सैनिक शासनको निरन्तरता

**नेपिडो (म्यान्मा)**– म्यान्मामा पाँच वर्षअघि बल प्रयोगमार्फत सत्ता कब्जा गरेको सैन्य नेतृत्वले अब नागरिक आवरणमा शासनलाई निरन्तरता दिन खोजेको संकेत देखिएको छ । शुक्रबार संसद्द्वारा जुन्ता प्रमुख मिन आङ ह्लाइङलाई राष्ट्रपतिमा निर्वाचित गरिनु त्यसैको पछिल्लो कदमका रूपमा हेरिएको छ ।

एएफपीका पत्रकारहरूले संकलन गरेको मतगणनाको तथ्यांकअनुसार उनले सांसदहरूबाट प्राप्त ५८४ मतमध्ये २९३ मत हासिल गर्दै स्पष्ट बहुमत पार गरेका हुन् । उक्त मतदानमा सैन्य पक्षधर सांसदहरूको प्रभाव प्रमुख रूपमा देखिएको थियो । मिन आङ ह्लाइङले सन् २०२१ मा प्रजातान्त्रिक प्रणालीलाई अन्त्य गर्दै निर्वाचित नेतृ आङ सान सुकीलाई हिरासतमा लिनुका साथै उनको पार्टी विघटन गरेका थिए । त्यसयता उनकै नेतृत्वमा रहेको सैन्य प्रशासनले देश सञ्चालन गर्दै आएको छ ।

जुन्ताले गत महिना संसद् पुनःस्थापना गर्नु जनतामा सत्ता फिर्ताको संकेत भएको दाबी गरे पनि विश्लेषकहरूले यसलाई सैन्य शासनलाई वैधता दिन खोजिएको बाह्य आवरणका रूपमा व्याख्या गरेका छन् ।

यसैबीच, जनवरीको अन्त्यमा सम्पन्न निर्वाचनमा सेना समर्थित युनियन सोलिडेरिटी एण्ड डेभलपमेन्ट पार्टीले ८० प्रतिशतभन्दा बढी संसदीय सिट जितेको थियो । साथै, संविधानअनुसार सशस्त्र सेनाका सेवारत सदस्यहरूले कूल सिटको एक चौथाइ हिस्सा स्वतः ओगटेका छन् ।

चुनावको विरोध वा आलोचना गर्न नपाइने व्यवस्था गरिएको थियो भने विद्रोहीहरूको नियन्त्रणमा रहेका क्षेत्रमा मतदान हुन सकेन । यस्ता क्षेत्रहरूमा सैन्य शासनविरुद्ध सशस्त्र संघर्ष जारी रहेको छ । फेब्रुअरी २०२१ को सैनिक विद्रोहयता जारी द्वन्द्वले सबै पक्षका दशौं हजार मानिसको ज्यान लिइसकेको छ, जसले देशलाई दीर्घकालीन अस्थिरता र मानवीय संकटतर्फ धकेलेको छ । *रासस/एएफपी*

# पाकिस्तानमा भारी वर्षापछिको बाढीका कारण १५ जनाको मृत्यु

**इस्लामावाद**– पाकिस्तानको बलुचिस्तान प्रान्त र दक्षिणी बन्दरगाह सहर कराचीमा तीव्र हावा र आँधीबेहरीसहित भएको भारी वर्षापछि आएको बाढीको कारण गत २४ घण्टामा १५ जनाको ज्यान गएको जनाइएको छ । बाढीका कारण धेरै क्षेत्रमा अवरोध भएको र पूर्वाधारहरूमा क्षति भएको जनाइएको छ ।

प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) का अधिकारीहरूका अनुसार बलुचिस्तानमा प्रान्तका एक दर्जनभन्दा बढी जिल्लाहरूमा भारी वर्षापछि आएको बाढीका कारण कम्तिमा आठ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएका छन् ।

वर्षा, आँधी र बाढीले घर, पूर्वाधार कृषि बालीका साथै घरपालुवा पशुहरूको पनि क्षति भएको पिडिएमएले जनाएको छ । यसैगरी



कराचीमा भारी वर्षाका कारण बिजुली सर्ट र पर्खाल ढलेर भएको घटनामा सात जनाको मृत्यु भएको स्थानीय उद्धार अधिकारीहरूले बताएका छन् । सडक डुबान कम गर्न र वर्षाको समयमा यातायातलाई सहज बनाउन थप उपायहरू अपनाइरहेको जनाइएको छ । आयुक्त कराची सैयद हसन नकवीले अपेक्षित वर्षाको पूर्वानुमानमा कराचीमा आपत्कालीन शिविरहरू स्थापना गरी प्रशासन नागरिकहरूलाई सुविधा प्रदान गर्न उच्च सतर्कताका साथ लागिरहेको जनाएका थिए ।

यसअघि पाकिस्तान मौसम विभागले अप्रिल-४ सम्म दक्षिण एसियाली देशका केही भागहरूमा आँधीबेहरीसहित भारी वर्षाको पूर्वानुमान गरेको थियो, भने वर्षाले बालीहरूलाई क्षति पुऱ्याउन सक्ने बताएको थियो । *रासस/सिन्ह्वा*

# सुरक्षा परिषद्मा बहराइनको प्रस्तावमा विश्व शक्तिहरु विभाजित

**संयुक्त राष्ट्र**– हर्मुज मार्ग पुनः सञ्चालनमा ल्याउने विषयमा तयार पारिएको संयुक्त राष्ट्रको प्रस्ताव बहराइनले संशोधन गरेको छ । प्रारम्भिक प्रस्तावमा समावेश गरिएको बल प्रयोगसम्बन्धी प्रावधानलाई हटाउँदै नयाँ मस्यौदा प्रस्तुत गरिएको हो ।

नयाँ प्रस्तावअनुसार जहाजहरूको सुरक्षित आवतजावत सुनिश्चित गर्न 'रक्षात्मक कदम' मात्र लिन पाइने उल्लेख गरिएको छ । यसअघि भने 'आवश्यक सबै उपाय' प्रयोग गर्न सकिने प्रावधान राखिएको थियो, जसले सैन्य कारबाहीको सम्भावनासमेत समेट्थ्यो ।

चीन र रुसले बल प्रयोगलाई अनुमति दिने प्रावधानप्रति कडा आपत्ति जनाएपछि प्रस्तावमा यस्तो संशोधन गरिएको हो । यी दुवै देशसँग संयुक्त राष्ट्र सुरक्षा परिषद्मा भिटो अधिकार रहेको छ, जसका कारण उनीहरूको असहमतिले प्रस्ताव पारित हुन कठिन हुने देखिएको थियो ।

हर्मुज मार्ग विश्वकै महत्त्वपूर्ण तेल आपूर्ति मार्गमध्ये एक हो, जहाँबाट विश्वको करिब पाँचौं भाग तेल ओसारपसार हुने गर्दछ। हाल इरानसँगको द्वन्द्वका कारण यो मार्गमा अवरोध सिर्जना हुँदा अन्तर्राष्ट्रिय बजारमा ऊर्जा मूल्य तीव्र रूपमा बढेको छ। संशोधित प्रस्तावमा आक्रामक सैन्य कारबाहीबारे केही उल्लेख छैन, जसले सदस्य राष्ट्रहरूबीच सहमति जुटाउने प्रयास गरिएको देखिन्छ । यद्यपि, प्रमुख शक्तिहरूको अन्तिम धारणा अझै स्पष्ट भइसकेको छैन । यस प्रस्तावमाथि मतदान शुक्रबारका लागि तय गरिएको थियो, तर उक्त दिन अन्तर्राष्ट्रिय धार्मिक बिदा परेकाले बैठक स्थगित गरिएको छ। अब मतदान शनिबार हुने अपेक्षा गरिएको छ । कूटनीतिक स्रोतहरूका अनुसार प्रस्ताव पारित गराउन अझै छलफल जारी रहेको छ र भिटो हुनबाट जोगाउने प्रयास भइरहेको छ । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४००० | प्रति तोला – ० | प्रति तोला – ४८३० |



**स्ट्रबेरी टिप्दै** | दाङको घोराही उपमहानगरपालिका–१७ स्थित गुलेरियामा डिभाइन एग्रो फर्मले व्यावसायिक रूपमा उत्पादन गरेको स्ट्रबेरी बिक्रीका लागि टिपिँदै । दाङमा स्ट्रबेरी प्रतिकिलो खुद्रामा रु ७०० र थोकमा रु ५०० मा बिक्री हुने गरेको छ । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# व्यवसायीलाई खुसी बनाएर राजस्व बढाउन अर्थमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**वीरगन्ज –** अर्थमन्त्री स्वर्णिम वाग्लेले राजस्वको लक्ष्यभन्दा धेरै रकम सङ्कलन गर्नेगरी काम गर्नका लागि वीरगन्ज भन्सारका कर्मचारीहरूलाई निर्देशन दिएका छन् । अर्थमन्त्री वाग्लेले वीरगन्ज भन्सार कार्यालयको निरीक्षण गर्दै लक्ष्यअनुसारको राजस्व उठाउन पनि दबाब पर्ने भए तापनि संवादमार्फत नै राजस्वको लक्ष्यभन्दा धेरै रकम उठाउन अनुरोध गरे ।

'लक्ष्यअनुसार राजस्व उठाउनका लागि एउटा दबाब पनि पर्ने गर्छ । त्यतिबेला उद्योगी-व्यवसायीहरू मारमा पनि पर्ने गर्छन् । तर, उद्योगी व्यवसायीलाई धरपकड र छापा मार्नेभन्दा पनि फकाई-फकाई वा संवादबाटै राजस्व उठाउनेतर्फ अघि बढ्न निर्देश गर्दछु', उनले भने, 'घुसको लेनदेन हुने गरेका विभिन्न खालका गुनासाहरू पनि रहेका छन् । त्यस्ता गुनासालाई पनि अन्त्य गर्न जरुरी छ ।'

अर्थमन्त्री वाग्लेले राम्रो काम गर्नेलाई प्रशंसा/पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई हतोत्साहित गर्ने नीतिअनुसार अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । 'सरकारको माथिल्लो तहबाटै सदाचारको नीति अघि बढ्ने भएकाले तल्लो तहमा पनि सो कायम गर्न जरुरी छ । त्यो कुरा यहाँहरूले पनि पालना गर्नुहोला', उनले भने, 'बजार अनुगमन त हामीले गर्नुपर्ने हुन्छ । तर, बजार अनुगमनको पनि दुरूप्रयोग हुनेतर्फ सचेत र सहज हुनका लागि अनुरोध गर्दछु ।'

अर्थमन्त्री वाग्लेले उद्योगी-व्यवसायीलाई तर्साएर र धम्क्याएर नभएर संवादमार्फत राजस्व उठाउने कार्यमा लाग्न अनुरोध गरे । 'कडाइ गरेर एक वर्ष त राजस्व धेरै उठाउन सकिएला तर, उद्योगी व्यवसाय गर्न नै हतोत्साहि हुने वातावरण भने बनाउने छैनौं', उनले भने, 'राजस्वको लक्ष्य पूरा गरेको खण्डमा तपाईंहरू मेरो नोटिसमा आउनुहुनेछ । सरकारले हामीले जुन विराट लक्ष्य लिएका छौं, त्यसलाई परिपूर्ति गर्न सकिनेछ ।'

अर्थमन्त्री वाग्लेले बदमासी गर्ने विरुद्धमा राज्य एकदमै निर्मम भएर अघि बढ्ने बताएका छन् । 'भ्रष्टाचारलाई मलजल गर्ने समूह र व्यक्तिहरूमाथि नेपालको मौजुदा कानुन कार्यान्वयन गरेर नै छाड्नेछौं', उनले भने, 'अहिले हिजोजस्तो समय छैन । समयले अहिले काँचुली फेरेको छ । नयाँ चाल र लयलाई समात्नुपर्छ भन्ने छ । अब सेवाप्रवाहमा नयाँ अनुभव गर्न पाउनुपर्नेछ ।'

## बजेट लेखन समिति गठन

**काठमाडौं (प्रस)–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट लेखनका लागि अर्थ मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तरकुमार खत्रीको संयोजकत्वमा समिति गठन गरेका छन् । समितिमा बजेट तथा कार्यक्रम महाशाखा प्रमुख डा. सुमन दाहाल, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा प्रमुख डा. धनीराम शर्मा, आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराई वित्तीय संघीयता समन्वय महाशाखा प्रमुख सेवन्तक पोखरेल सदस्य रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

समितिलाई आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको लागि सुझाव उपलब्ध गराउने, सो आवमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्न सहजीकरण गर्ने, संसद्को दुवै सदनमा पेस गरिने विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गर्ने र बजेट वक्तव्यको मस्यौदा तयार गरी पेस गर्ने जिम्मेवारी दिइएको छ ।

सरकारले आगामी १५ जेठमा आगामी आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत गर्नेछ । आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐनअनुरूप सरकारको नीति तथा कार्यक्रम र बजेटको कार्यतालिका सुरु भइसकेको छ ।

# व्यापार मेलाबाट आत्मनिर्भर बन्न मद्दत पुग्छः उपराष्ट्रपति यादव

■ प्रभाव संवाददाता



**पाटन (ललितपुर) –** उपराष्ट्रपति रामसहायप्रसाद यादवले महिला उद्यमी व्यापार मेलाबाट आत्मनिर्भर बन्न मद्दत पुग्ने बताएका छन् ।

महिला उद्यमीहरूको उत्पादनलाई बिक्री प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ महिला उद्यमी महासंघ नेपालद्वारा ललितपुरको झम्सिखेलमा आयोजित ९औं अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेलाको उद्घाटन गर्दै उपराष्ट्रपति यादवले महिला उद्यमीहरू आत्मनिर्भर, समावेशी र दीगो समाज निर्माणतर्फको प्रेरक शक्ति भएको बताए ।

'महिला उद्यमशिलताले व्यक्तिगत आर्थिक सशक्तिकरण मात्र नभई सामाजिक रूपान्तरण र राष्ट्रिय विकासको सम्वाहक भूमिका निर्वाह गर्छ, महिलाले उद्यममार्फत आफ्नो क्षमता प्रदर्शन गर्दा परिवार, समाज र राष्ट्रको समग्र विकासमा योगदान पुग्छ, महिला उद्यमीहरूको उत्पादनले आयात प्रतिस्थापन गर्नुका साथै निर्यातलाई प्रोत्साहन गर्दछ, यसबाट रोजगारी सिर्जना गर्ने, स्थानीय स्रोतसाधनको सदुपयोग गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा टेवा पुग्छ', उनले भने ।

उपराष्ट्रपति यादवले व्यापार मेलाबाट जिल्लास्तरका महिला उद्यमीलाई प्रोत्साहन गर्न, उनीहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउन र राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । उद्यमशिलताले महिलालाई आर्थिक गतिविधिमा सहभागी गराउँदा समाजलाई समावेशी बनाउने उल्लेख गर्दै उनले स्थानीय स्रोत र सीपमा आधारित उत्पादनले वातावरणमैत्री तथा दीगो विकासलाई प्रोत्साहन गर्ने बताए ।

महासंघका अध्यक्ष दर्शना श्रेष्ठले मेलाले महिला उद्यमशीलताको राष्ट्रिय अभियानलाई सहयोग पुर्याउने जानकारी गराइन् । महिला उद्यमी महासंघमा हाल पाँच हजार ७०० भन्दा बढी महिला आबद्ध रहेको मेला ३ दिनसम्म चल्नेछ ।

# सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउनुपर्नेमा जोड

■ प्रभाव संवाददाता

**लुम्बिनी–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउन जरुरी रहेको बताएका छन् ।

६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले राप्ती उपत्यका (देउखुरी) मा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले नियत खराब राखेर सहकारी संस्था सञ्चालन गरेका केही सहकारीका कारण सहकारी क्षेत्र बदनाम भइरहेको बताए । उनले त्यस्ता सहकारी संस्थालाई नियमन गर्ने काम भइरहेको स्पष्ट पारे ।

'गलत उद्देश्य बोकेर आएका सहकारीका कारण सहकारी क्षेत्र शङ्काको घेराभित्र पर्न गइरहेको छ । बाहिरबाट आएर पैसा कुम्ल्याएर गएका उदाहरणहरू छन्', मुख्यमन्त्री आचार्यले भने, 'बुटवलमा सुप्रिम सहकारी संस्थामा आबद्ध भएका अहिले अलपत्र परिरहेको अवस्था छ । त्यहाँको पैसा कहाँ गयो ? कसले लग्यो । त्यो सञ्चालन गर्ने सञ्चालकहरू कति भरपर्दा थिए ? हामीले जाँच-पड्ताल गरेनौं ।' मुख्यमन्त्री आचार्यले सहकारी संस्थाहरू सर्वसाधारण नागरिकको सारथी बनेकामा खुसी व्यक्त गरे । 'सर्वसाधारण जनताको सारथी सहकारी बनेको छ । साहु-महाजनको घरमा ऋणका लागि धाउनुपरेको छैन', उनले भने, 'साना-तिना व्यवहारहरू सहकारीको माध्यमबाट समाधान भइरहेका छन् ।'

**प्रदेश मातहतमा ८४८ सहकारी संस्था रहेको र ती संस्थाहरुको अनुगमन तथा नियमनको पक्षलाई व्यवस्थित बनाइएको उनले स्पष्ट पारे । आर्थिक वर्ष २०८१/८२ र चालु आर्थिक वर्ष २०८२/८३ को तुलना गर्दा चालु आर्थिक वर्षमा सहकारी संस्था परिचालनको काम प्रभावकारी बनेको उपसचिव पाण्डेले बताए ।**

प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले सहकारी संस्थाहरूको कामप्रति प्रोत्साहन र नियमन दुवै दृष्टिकोणबाट काम अघि बढाएको जानकारी दिए। सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश र स्थानीय तहमा रहेका सहकारीहरूलाई ध्यानमा राखेर काम भइरहेको उनको भनाइ थियो ।

प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले असल अभ्यासलाई सिकाइका रूपमा लिँदै समस्या नआओस् भन्नेतर्फ सचेत हुनुपर्ने बताए । तीन तहका संरचना रहेको र एकीकृत रूपमा काम गर्ने परिपाटीको विकास गर्न जरुरी रहेको उनको धारणा थियो ।

मन्त्रालयका प्रशासन तथा सहकारी विकास महाशाखाका उपसचिव मञ्जु पाण्डेले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान हुँदै गइरहेका बताए । प्रदेश मातहतमा ८४८ सहकारी संस्था रहेको र ती संस्थाहरूको अनुगमन तथा नियमनको पक्षलाई व्यवस्थित बनाइएको उनले स्पष्ट पारे । आर्थिक वर्ष २०८१/८२ र चालु आर्थिक वर्ष २०८२/८३ को तुलना गर्दा चालु आर्थिक वर्षमा सहकारी संस्था परिचालनको काम प्रभावकारी बनेको उपसचिव पाण्डेले बताए ।

प्रदेशका बहुउद्देश्यीय, बचत तथा ऋण र उत्पादन गरी ३३ सहकारी संस्थाका समस्याबारे सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी प्राप्त भएका छन् । समस्या समाधानका लागि आठ सहकारीविरुद्ध अदालतमा मुद्दा दायर भई कारबाही अगाडि बढेको छ । दुवै पक्षलाई राखेर छलफल गरी बचत फिर्ताका लागि सात सहकारीसँग सम्झौता गराइएको छ भने १२ सहकारीलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरीमा पठाइएको छ ।

तीन सहकारी संस्थाको अदालतबाट मुद्दा फैसला भई रकम असुलीको प्रक्रिया अगाडि बढेको छ भने तीन सहकारी संस्थाका सञ्चालक समितिको निवेदनपछि अध्ययन गरी प्रतिवेदन प्राप्त भएको सो अवसरमा जानकारी दिइयो ।

नेउवा महासंघ चुनावी सरगर्मी

# सूष्माको उम्मेदवारीमा महिला उद्यमीको भरोसा



■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकका उद्योगी व्यवसायीहरूबीच यतिबेला निर्वाचनको सरगर्मी बढेको छ । निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको आसन्न निर्वाचनले यस्तो वातावरण बनाएको हो ।

आगामी चैत ३० गते हुने महासंघको निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारहरूको चुनावी दौड र उत्साह चुलिँदो छ । प्रतिस्पर्धामा उत्रिएकामध्ये महिला उम्मेदवारको संख्या भने निकै कम देखिएको छ । अझ 'महिला कोटा' मा न्यून प्रतिस्पर्धा देखिन्छ ।

चुनावी दौडमा लागेका उम्मेदवारमध्येकी एक हुन्, सूष्मा महरा । महासंघको निर्वाचनमा कार्यकारिणी महिला खुला सदस्य पदका लागि महरा प्रतिस्पर्धामा उत्रिएकी छन् । लामो समयदेखि व्यावसायिक क्षेत्रमा क्रियाशील उनले स्वच्छ छवि बनाएकी छन् । महराको उम्मेदवारीलाई महासंघभित्र पारदर्शिता र उत्तरदायित्व बहन गर्न सक्ने महिलाका रूपमा लिइएको छ ।

विशेषगरी साना तथा मझौला व्यवसायी र महिला उद्यमीहरूको हक, हित र अधिकारको संरक्षणलाई आफ्नो मुख्य एजेण्डा बनाएकी महराले 'व्यवसायमैत्री वातावरण र समावेशी नेतृत्व'को नारालाई अघि सारेकी छन् । महराले नेपालको अर्थतन्त्रको वास्तविक मेरुदण्ड साना तथा मझौला व्यवसायीहरू भएता पनि उनीहरू राज्य र नेतृत्वको प्राथमिकतामा पर्न नसकेकाले आफ्नो एजेण्डा त्यसलाई नै बनाएकी हुन् ।

धेरैजसो व्यवसायी वित्तीय पहुँचको अभाव, बजार विस्तारमा कठिनाइ र झण्झटिलो नीति-नियमका कारण मर्कामा रहेकाले यस्ता भूइँ तहका व्यवसायीहरूको आवाजलाई महासंघको केन्द्रीय नीति निर्माण तहसम्म पुऱ्याउनु र उनीहरूका समस्याको व्यावहारिक समाधान खोज्नु आफ्नो मुख्य एजेण्डा रहेको महारा बताउँछिन् । उनले साना व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋण, प्रविधिमा पहुँच र झण्झटमुक्त कर प्रणालीका लागि आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

महरा केवल एक व्यवसायीमात्र नभई महिला उद्यमशीलताको बलियो खम्बाका रूपमा चिनिन्छिन् । उनले महिलाहरूको हिम्मत, आत्मविश्वास र निरन्तर मिहेनतले असम्भवजस्तो देखिने लक्ष्य पनि हासिल गर्न सकिने कुरामा जोड दिँदै आएकी छन् । महिलाको आत्मबल र निरन्तर प्रयासले केवल व्यक्तिगत सफलतामात्र होइन, समग्र राष्ट्रको आर्थिक समृद्धिको ढोका खोल्न सक्ने उनको भनाइ छ ।

उनले महिलाहरूलाई 'कोटा' मामात्र सीमित नराखी क्षमताका आधारमा नेतृत्वदायी भूमिकामा ल्याउनुपर्ने धारणा राखेकी छन् । नयाँ आउने महिला उद्यमीहरूका लागि 'मेन्टरसिप' र क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने उनको योजना छ ।

महराले आफ्नो कार्ययोजनासमेत सार्वजनिक गरेकी छन् । उनले अघि सारेका कार्ययोजना र प्राथमिकतामा नीतिगत सुधारः साना र मझौला उद्योगलाई संरक्षण गर्ने गरी केन्द्रीयस्तरमा नीति निर्माणका लागि प्रभावकारी पैरवी गर्ने रहेको छ । त्यस्तै तालिम र क्षमता अभिवृद्धिः व्यवसायीहरूको दक्षता बढाउन आधुनिक प्रविधि, डिजिटल मार्केटिङ र व्यवस्थापनसम्बन्धी नियमित तालिम तथा अभिमुखीकरण कार्यक्रम पनि प्राथमिकतामा परेको छ । युवा र 'स्टार्टअप'लाई प्रोत्साहनः नयाँ पुस्ताका उद्यमीहरूलाई प्रोत्साहित गर्न स्टार्टअप फण्डिङ र नेटवर्किङका अवसरहरू सिर्जना गर्ने उनको योजना छ । व्यवसायी र सरकारबीचको खाडल कम गर्न र व्यवसायीका समस्यालाई सम्बन्धित निकायसम्म पुऱ्याई दीर्घकालीन समाधान खोज्न 'पुल' को काम गर्ने योजना रहेको उनको कार्ययोजनामा छ ।

महरालाई नजिकबाट चिन्ने व्यवसायीहरू उनलाई एक 'रिजल्ट ओरिएन्टेड' (परिणाममुखी) नेतृत्वका रूपमा व्याख्या गर्छन् । उनी आफ्नो कुरा स्पष्टसँग राख्ने र अरूको समस्यालाई सहानुभूतिपूर्वक सुन्ने स्वभावकी छन् । संस्थागत सुदृढीकरण र महासंघलाई अझ बढी उत्तरदायी बनाउन उनको उपस्थिति अपरिहार्य रहेको धेरैको बुझाइ छ ।

आफू उम्मेदवार भएसँगै महराले सम्पूर्ण व्यवसायी तथा मतदाताहरूसमक्ष हार्दिक अपिल गर्दै भनिन्, 'म भाषणमा भन्दा काममा विश्वास गर्ने व्यक्ति हुँ । तपाईंहरूको एउटा अमूल्य मतले साना तथा मझौला व्यवसायीहरूको आवाजलाई महासंघको नेतृत्व तहमा बलियो बनाउनेछ । मलाई विश्वास छ, हामी मिलेर महासंघलाई एउटा नयाँ उचाइमा पुऱ्याउनेछौं ।'

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ